लेखापरीक्षण प्रतिवेदन

गौरिगंज गाउँपालिका, झापा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गौरिगंज गाउँपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/175

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गौरिगंज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३करोड ९८ लाख ३६ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.३२ लाख ६१ हजार, महामारी रोग नियन्त्रण कार्यक्रमको रु.१४ लाख ७५ हजार र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२ करोड ९३ लाख ६४ हजार समेत गरी रु.१७ करोड ३९ लाख ३८ हजार सुत्रमा समावेश गरेको छैन।

२. यस गाउँपालिकाको रु.१ अर्ब २९ करोड ४२ लाख ९२ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ५५ लाख ४हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५८ लाख ६७ हजारको प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.३४ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३६ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २५ लाख ४८ हजार, र पेस्की बाँकी शून्य रहेको छ। गत वर्षसम्म रु.१८ करोड २८ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२० करोड २१ लाख २५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गौरिगंज गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **गौरिगंज गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७९	५१	२,५५,०४,०५०	०	५	५८,६७,३०७	०	७९	४६	१,९६,३६,७४४	३४,३७,८०४	१,२५,४७,५४२	३६,५१,३९७	०	०	१,६१,९८,९३९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	१८,२८,२२,०००	०	३,३३,५६८	१८,२४,८८,४३२	०	१,९६,३६,७४४	२०,२१,२५,१७६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	२७	निशुल्क पाठ्यपुस्तक रकम निकासाः	१३,००७
२	२०८०/८१	२८	छात्रवृति वितरण कार्यक्रमः	१४,३००
३	२०८०/८१	३६.१	अस्पताल भवन निर्माण (ठेक्का नं. GRMW-NCB-05-2077/78)	५८,४०,०००
४	२०७९/८०	६७	बढी यातायात खर्च–ः	४,०००
५	२०७९/८०	६६	बढी भुक्तानी:	७,०००
६	२०७९/८०	७६	पि.एस. आइटमः-	२२,५६८
७	२०७९/८०	६३	खर्च पुष्टयाईको प्रमाणः	३,००,०००
जम्मा				६२,००,८७५

(८०११२५०३३०० - गौरिगंज गाउँपालिका, झापा)

परिचय

१ **परिचय**

(क) परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ६ वडा र ३४ सभा सदस्य रहेका छन् । पालिकाको क्षेत्रफल १०१.३ वर्ग किलोमिटर तथा ८५४७ घरधुरी, ७४.६ प्रतिशत साक्षरता दर र ३५५०६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०३ देखि २०८१।९।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार लिई सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीको कार्यसम्पादन रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमा लेखापरीक्षणमा रहेका छन् । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु थप सीमाको रुपमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब २९ करोड ४२ लाख ९२ हजार लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	अरविन राजवंशिको कर छुट दाखिला ।	२०३०
२	दाखिला हुन बाँकी रकम लेखापरीक्षणको क्रममा दाखिला गरिएको ।	३२२५१७.३
३	आधारभूत जनकल्याण प्रावि को छात्रवृत्ति बढी निकास असुल दाखिला	४४००
४	बैंकमा बढी निकासा भएको रकम फिर्ता दाखिला ।	१३३७०१
५	विभिन्न ११ विद्यालयको बढी निकाशा भएको रकम फिर्ता दाखिला ।	४७८००
६	सामाजिक सुरक्षा भत्ता वढी भुक्तानी रकम असुल ।	१६८५४
७	राजश्व ढिला दाखिलाको जरिवाना असुल दाखिला ।	५७०११.३७
८	पदाधिकारीलाइ बढी भुक्तानी दिएको अनुगमन भत्ता असुल ।	१३९०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ एकिकृत आर्थिक विवरण

२.१

आव २०८०/०८१ को एकिकृत आर्थिक विवरण							
गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय							
गौरीगञ्ज झापा							
सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण		रकम		विवरण		रकम
1	गत बर्षको जिम्मेवारी		71822958.38	1	चालु खर्च		305466056.82
	क) नगर	0			१संघिय सरकार	204361981.03	
	ख) संचित कोष	49602011.60			क) समानिकरण अनुदान	32020667.20	
	ग) धरौटी	14890791.52			ख) शसर्त अनुदान	172341313.83	
	घ) प्रकोप व्यवस्थापन कोष	2218007.43			ग) समपुरक अनुदान	0.00	
	ङ) विविध कोष	1330279.15			घ) विशेष अनुदान	0.00	
	च) विविध खर्च	3755468.68			ङ अन्य अनुदान	0.00	
	छ) विभाज्य कोष	26400.00					
2	आन्तरिक राजस्व		16011304.17		२ प्रदेश सरकार	6299342.00	
	क) आन्तरीक राजस्व	16011304.17			ख) शसर्त अनुदान	4343943.00	
3	राजस्व बाँडफाँड		85466162.83		क) समानिकरण अनुदान	1955399.00	
	क) संघिय सरकार	76857361.09			ग) समपुरक अनुदान	0.00	
	ख) प्रदेश सरकार	8608801.74			घ) विशेष अनुदान	0.00	
4	अनुदान प्राप्ति संघिय सरकार		332712000.00		३ राजस्व बाँडफाँड	64341889.75	
	क) समानिकरण अनुदान	107229000.00			क) संघिय सरकार	59793459.75	
	ख) शसर्त अनुदान	205483000.00			ख) प्रदेश सरकार	4548430.00	
	ग) समपुरक अनुदान	8000000.00			४ आन्तरिक स्रोत	29186250.00	
	घ) विशेष अनुदान	12000000.00			५ जनसहभागिता	1276594.04	
				2	पूँजीगत खर्च		122682014.32
5	अनुदान प्राप्ति प्रदेश सरकार		25845347.00		१संघिय सरकार	76668653.00	
	क) वित्तीय समानिकर	7224000.00			क) समानिकरण अनुदान	53429733	
	ख) शसर्त अनुदान	11458333.00			ख) शसर्त अनुदान	15113391	
	ग) समपुरक अनुदान	7163014.00			ग) समपुरक अनुदान	4410720.00	
	घ) विशेष अनुदान	0.00			घ) विशेष अनुदान	3714809.00	
6	वित्तीय व्यवस्था		0.00		२ प्रदेश सरकार	14247362.00	
	क) ऋण प्राप्ति				क) समानिकरण अनुदान	5819321.00	

	ख) सावा प्राप्ति				ख) शसर्त अनुदान	2598172.00	
	ग) व्याज प्राप्ति				ग) समपुरक अनुदान	5829869.00	
	घ) अन्य प्राप्ति				घ) विशेष अनुदान	0.00	
7	जनसहभागिताबाट प्राप्त		1277360.00		३ राजस्व बाँडफाँड	11967757.32	
8	विभिन्न कोष तर्फ		4148693.03		क) संघिय सरकार	11267857.32	
	क) प्रकोप व्यवस्थापन कोष	0.00			ख) प्रदेश सरकार	699900.00	
	ख) विविध कोष	3000000.00			४ आन्तरिक स्रोत	19798242	
	ग) विविध खर्च	1148693.03			५ सडक बोर्ड नेपाल	0.00	
9	धरौटी प्राप्त	5264957.98	5264957.98				
10	चेक नसाटी फिर्ता भएको/अन्य		0.00	3	धरौटी फिर्ता		6533850.00
	अन्तर सरकारी अख्तियारीबाट प्राप्त		173938321.00	4	विभिन्न कोष तर्फ		8066037.70
	क) सामाजिक सुरक्षा कार्यक्रम	139836633.00			क) प्रकोप व्यवस्थापन कोष	441618	
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	29364803.00			ख) विविध कोष	2849495.70	
	ग) पर्यटन पूर्वाधार विकास कार्यक्रम	3261885.00			ग) विविध खर्च	4774924.00	
	घ) महामारी रोग नियन्त्रण कार्यक्रम	1475000.00			घ) महिला तथा बालबालिका कोष	0.00	
12	आम्दानी बाध्न बाँकी विविध खर्च खाता		146280.00	5	अन्तर सरकारी अख्तियारी		173938321.00
13	कट्टी दाखिला हुन बाँकी		264914.30		क) सामाजिक सुरक्षा कार्यक्रम	139836633.00	
					ख) एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	29364803.00	
					ग) पर्यटन पूर्वाधार विकास कार्यक्रम	3261885.00	
					घ) महामारी रोग नियन्त्रण कार्यक्रम	1475000.00	
				6	मौज्दात		67681038.68
					क) नगद	0	
					ख) बैक	50235134.29	
					ग) प्रकोष व्यवस्थापन कोष	1776389.43	
					घ) विविध कोष	1480783.45	
						540432.01	

					ङ) विविध खर्च		
					च) धरौटी	13621899.5	
					छ) विभाज्य कोष	26400	
				7	अनुदान फिर्ता संघिय सरकार		29902766.17
					क) शसर्त चालु	17641686.17	
					ख) शसर्त पूँजीगत	12261080	
				8	अनुदान फिर्ता प्रदेश सरकार		2628214.00
					क) शसर्त चालु	314390	
					ख) शसर्त पूँजीगत	2313824	
	जम्मा		716898298.69		जम्मा		716898298.69

२.२ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश आय व्यय विवरण अनुसार रु. ७२३६३०३२।११ मौज्दात रहेकोमा यो वर्ष रु. ७१८२२९५८।३८ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५४००७३।७३ कम जिम्मेवारी सारेको छ । फरक जिम्मेवारी सम्बन्धमा यस आवको लेखापरीक्षणको क्रममा गत आवको मौज्दात सुत्र प्रणालीमा परीक्षण गर्दा रु ७१८२२९५८।३८ नै मौज्दात रहेको छ ।

३ **नीति तथा कार्यक्रम कार्यान्वयन**

गौरिगञ्ज गाउँपालिकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकासँग लेखापरीक्षणको क्रममा निम्नानुसारका घोषित कार्यक्रम र योजना वा विषयका सम्बन्धमा विवरण माग गरिएतापनि तीन बुँदा बाहेक अन्य बुँदामा उल्लेखित विषयमा विवरण पेश हुन आएन । यसप्रकारका घोषित कार्यक्रम , योजना वा विषयलाई तथ्यमा आधारित बनाई स्थानीय आवश्यकता र सक्षमताका आधारमा कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । आर्थिक वर्ष २०८०।८१ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसारको रहेको छ :

क्र स	घोषित कार्यक्रम , योजना वा विषय	कार्यान्वयन अवस्था
१	सामुदायिक तथा संस्थागत विद्यालयको प्रभावकारी नियमन गरिने	विवरण पेश नगरेको
2	सबै सामुदायिक विद्यालयमा ई हाजिरी कार्यान्वयन गरिने	आ.व. २०८०।०८१ मा सबै विद्यालयमा ई हाजिरी जडान गरिएको र त्यसलाई प्रभावकारी बनाउन आ.व. २०८१/०८२ पौष मसान्त सम्म ई हाजिरि युपिएस पनि जडान गरिएको ।
३	शैक्षिक सत्र २०८१ देखी पालिकाभित्रका सबै शिक्षक, कर्मचारी र सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरीलाई माध्यामिक तहसम्म सामुदायिक विद्यालयमा पठनपाठन अनिवार्य गरिने	विवरण पेश नगरेको
४	प्राविधिक तथा उच्च शिक्षा अध्ययनको लागि पूर्ण र आंशिक छात्रवृत्ति	प्राविधिक तथा उच्च शिक्षा अध्ययनरत १५ जनालाई कमागत छात्रवृति रु. २५,०००।- का दरले र सामान्य विषय अध्ययन गर्ने १ जनालाई रु. १०,०००।- को दरले वितरण गरिएको ।
५	शिक्षक तथा विद्यालय कर्मचारीको पारिश्रमिक बैंक खातामा जम्मा हुने प्रणाली लागु गरिने	शिक्षक तथा विद्यालय कर्मचारीको पारिश्रमिक गाउँपालिकावाट ईएफटि बाट विद्यालयको खातामा गएको र सम्बन्धित शिक्षक कर्मचारीहरुको खातामा निकासा हुने प्रक्रियामा रहेको
६	"दुखको साथी,भरोसा राखौ गाउँपालिकामाथ" नारा कार्यान्वयन र आर्थिक सहयोग	विवरण पेश नगरेको
७	अस्पतालजन्य फोहोरलाई व्यवस्थित गर्न सम्बन्धितलाई पूर्णरुपमा जिम्मेवार बनाईने	विवरण पेश नगरेको
८	माछापोखरी निर्माण अनुदान तथा माछा भुरा वितरण	विवरण पेश नगरेको
		विवरण पेश नगरेको
९	पालिकाभित्रका सहकारी, उद्योग तथा व्यवसायको अद्यावधिक विवरण अभिलेखिकरण गरिने	विवरण पेश नगरेको
१०	सहकारी संस्थाहरुको अनुगमन गरिने	विवरण पेश नगरेको
११	ल्याण्डफिल साईटको लागि आवश्यक जग्गा व्यवस्थापन तथा भौतिक संरचना निर्माण	विवरण पेश नगरेको
१२	ढुंगा गिट्टी लगायतको प्राकृतिक श्रोतको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने	विवरण पेश नगरेको
१३	श्रोत परिचालन तथा आर्थिक क्रियाकलापको मासिक आय व्ययको विवरण सूचना पाटी र वेवसाईटमा सार्वजनिक गरिने	विवरण पेश नगरेको
१४	बेरुजु लगत अद्यावधिक र फछ्र्योटलाई कडाईका साथ कार्य गरिने	विवरण पेश नगरेको
१५	गाउँपालिकाको वस्तुगत विवरण(Village Profile) तयार गरिने	विवरण पेश नगरेको
१६	सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रण गरिने	विवरण पेश नगरेको

४ योजना/कार्यक्रम संशोधन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले बजेट वक्तव्यमार्फत विनियोजित शिर्षकबाट निम्नानुसार कार्यक्रम र योजना संशोधन गरेको तथा यसप्रकार संशोधित कार्यक्रम र योजना अनुमोदन

सम्बन्धमा हिउँदे नगरसभामा पेश गरेको र सोही सभाबाट थप कार्यक्रम वा योजनामा बजेट विनियोजन गरेको छ । पालिकाले स्वीकृत कार्यक्रम र योजनामा अत्यावश्यक अवस्था र ऐनको सिमाभित्र रहने गरी मात्रै संशोधन गर्ने व्यवस्था गर्नुपर्दछ ।

क्र स	निर्णय मिति	साविक संख्या	संशोधित संख्या	रकम	शिर्षक
१	२०८०।१०।५	११	७	१३५०००००	चालुतर्फ
		४०	६०	२२४०१०००	विषयगत क्षेत्र
२	१०८०।१०।२२	२	९	६०००००००	शिक्षक र मर्मत
		जम्मा		४१९०१०००	

५ **एकमुष्ट बजेट बिनियोजन -**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेट विनियोना नगरी एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि योजनगत तथा क्रियाकलापगत वजेट व्यवस्था नगरी एकमुष्टवजेट राख्न मिल्दैन। पालिकाले यो वर्ष रु १ करोड ५५ लाख ४० हजार अबण्डा बजेट व्यवस्था गरी संलग्न अनुसूची बमोजिमका २५ भन्दा बढी शिर्षकअन्तर्गत कार्यपालिकाको निर्णयबाट समय समयमा छुट्टै निर्णय गरी रु. १ करोड ४४ लाख ४२ हजार खर्च गरेको छ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

क्र.सं.	एकमुष्ठ बजेटकाशिर्षक	विनियोजन	खर्च
१	कृषिसिंचाइ विद्युत पोल बिस्तार जडान	६००००००.	५१४२१६५.
२	विविधकार्यक्रम खर्च	१६५००००.	१६४८५४८.
३	विविधखर्च	१५०००००.	१४९९९२४.
४	सार्वजनिकसडक बत्तीहरुको मर्मत सम्भार सेवा शुल्क तथा महसुल सामाग्री व्यवस्थापन	१३०००००.	१२०८३००.
५	अन्यकार्यालय संचालन खर्च	५५८६८०.	५५८०७७.
६	अन्यसंस्था सहायता (व्यक्ति संस्था)	५०००००.	५०००००.
७	अन्यसंस्था सहायता (व्यक्ति संस्था) थप	५०००००.	४७३०८५.
८	वडाभित्रका सार्वजनिक स्थल सडक मर्मत सम्भार	५०००००.	५०००००.
९	ह्युमपाइपखरिद	४०००००.	४०००००.
१०	डिपबोरिङ्ग वितरण	३०००००.	२८७४३१.
११	विभिन्नखेलकुद प्रतियोगिताहरुमा सहभागिता	३०००००.	३०००००.
१२	१ एच.पी.को मोटर खरिद गरी वितरण	२०००००.	२०००००.
१३	अन्यसार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२०००००.	१७९४९५.
१४	वडा नं. ३अन्य सार्वजनिक स्थल सडक मर्मत	२०००००.	११५२९५.
१५	प्रारम्भिकउपचार सामाग्री वितरण कार्यक्रम	१८००००.	१८००००.
१६	खेलकुदसामाग्री खरिद वितरण (सामुदायिक विद्यालयहरुमा समेत)	१५००००.	१५००००.
१७	विविध खर्च (वडा नं. १ कार्यालय विविध खर्च)	१४००००.	१३९९८०.
१८	विविध खर्च(वडा नं. २ कार्यालय विविध खर्च)	१४००००.	१४००००.
१९	विविध खर्च (वडा नं. ३ कार्यालय विविध खर्च)	१४००००.	१४००००.
२०	विविध खर्च (वडा नं. ४ कार्यालय विविध खर्च)	१४००००.	१४००००.
२१	विविध खर्च (वडा नं. ५ कार्यालय विविध खर्च)	१४००००.	१३९८८०.
२२	विविध खर्च (वडा नं. ६ कार्यालय विविध खर्च)	१४००००.	१४००००.
२३	खेलकुदसामाग्री खरिद	१०००००.	१०००००.
२४	वडा नं. २को विभिन्न सडक मर्मत कार्य	८१६४०.	८१६४०.
२५	खेलकुदसामाग्री वितरण	८००००.	७८२५७.
	जम्मा	**१५५४०३२०.**	**१४४४२०७७.**

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	४९१९३८६०.	२८२६९९०६.	६.६
२	सामाजिक विकास	२९७७५९०००.	२४१४४६४३५.०३	५६.३९
३	पूर्वाधार विकास	१४०८८२८९७.	८५८११३७३.३२	२०.०४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९९६३८८०.	६९१४८०४.	१.६२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	७९१७८६७९.६	६५७०५५५२.७५	१५.३५
जम्मा			४२८१४८०७१.१	१००.

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सवैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ५६.३९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम १.६२ प्रतिशत रहेको देखिन्छ ।

७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजार मा)

बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	**१२२६८२**	**४४५**	**८९७४**	**३४५२४**	**७८७३९**	**५०७४७**
खर्च प्रतिशत	**१००**	**०.३६**	**७.३१**	**२८.१४**	**६४.१८**	**४१.३६**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१२ करोड २६ लाख ८२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४ लाख ४५ हजार (०.३६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८९ लाख ७४ हजार (७.३१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ४५ लाख २४ हजार (२८.१४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ८७ लाख ३९ हजार (६४.१८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ७ लाख ४७ हजार (४१.३६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्न सक्ने तथा आन्तरिक श्रोतको क्षमता विश्लेषण गरी मितव्ययी तवरले सहायता र सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई निम्नानुसारका ८ क्रियाकलाप/शिर्षकमा रु. १५ लाख १६ हजार आर्थिक सहायता वा सहयोग वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु १ करोड ६० लाख ११ हजारको ९.४७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर वितरणमुखी तवरले पटके निर्णयका आधारमा आर्थिक सहायता वितरण गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

क्र.सं.	सहयोगका शिर्षक	विनियोजन	खर्च
१	अपांगता सहयोग सामग्री वितरण	२०००००	२०००००
२	अन्य संस्था सहायता (व्यक्ति संस्था)	५०००००	५०००००
३	अन्य संस्था सहायता (व्यक्ति संस्था) थप	५०००००	४७३०८५
४	अन्य सामाजिक सुरक्षा (विपन्न तथा पीडितलाई दिइने आर्थिक सहायता)	५०००००	४७०००
५	अन्य सामाजिक सहायता (आर्थिक सामाजिक सहायता)	०.००	०.००
६	जेष्ठ नागरिकहरुलाई सहायता सामाग्री वितरण	२०००००	०.००
७	मोटरसाइकल मर्मत आर्थिक सहायता भुक्तानी छुट र अन्य समेत	९५८३९	९५८३९
८	अपांगता सहयोग सामग्री वितरण	२०००००	२०००००
	जम्मा	२१९५८३९	१५१५९२४

९ **मिडिया/सञ्चार सम्बद्ध खर्च**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य २२ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु २४ लाख भन्दा बढी खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

क्र.सं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	मकालु एड्भरटाइजिङ्ग प्रा.लि.	४१७९५७.
२	गौरीगंज मिडिया	३७४६६२.
३	जिरो मिडिया प्रा.लि.	३५५५९६.
४	सोसियल मिरर मिडिया	३१०२३७.
५	बिनायक मिडिया प्रा.लि.	१९३५६४.
६	आँखिभुई मल्टीमिडिया	१८९६६१.
७	प्लस मिडिया नेटवर्क प्रा. लि.	१७३६५०.
८	क्वालीटी मिडिया हाउस	१३८१८१.
९	सोसियल मिरर मिडिया	५४४३०.
१०	पार्श्व मिडिया प्रा.लि.	३९९६१.
११	लक्की मिडिया प्रा. लि.	३९०२५.
१२	मिडिया गेट प्रा.लि.	२००००.
१३	पर्दाफास मिडिया नेटवर्क	१७७४०.
१४	सोसियल मिरर मिडिया	१४८९८.
१५	राजवंशी मिडिया ग्रुप प्रा.लि.	१४७७५.
१६	आम सञ्चार डट कम प्रा.लि.	११८२०.
१७	मुलपानी मिडिया प्रा.लि.	९८५०.
१८	झापा एक्सप्रेस मिडिया प्रा. लि.	९७७५.
१९	हातेमालोखवर मिडिया प्रा.लि.	९७६०.
२०	नवदिन मिडिया	४९२५.
२१	ओमकार टाइम्स मिडिया	४९२५.
२२	रोमा एडभर्टाइजिङ्ग कम्पनी	४४३३.
	जम्मा	२४०९८२५.

१० **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु १ करोड १० लाख ५९ हजार बराबर बजेट विनियोजन गरी सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका बमोजिमका २९ भन्दा बढी कार्य जिन्सी, कृषि सामाग्री खरिद, खरिद लगायतका वितरणमुखी कार्यक्रममा रु ८६ लाख भन्दा बढी खर्च गरेको छ । वितरणमुखी प्रकृतिका खर्च शिर्षक फरक गरि भुक्तान भएका प्रशासनिक खर्च, आर्थिक सहायता, अनुदान सहायता लगायतमा समेत समावेश भएकोले थप मात्रामा समेत रहेका छन् । पालिकाले आवश्यकताको पहिचान गरी निश्चित मापदण्डको आधारमा मितव्ययिता कायम हुने गरी खर्च व्यवस्थापन गर्नु पर्दछ । उक्त सामग्री सम्वन्धित लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित

लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । साथै, वितरणमुखि खर्चको विवरण पालिकाको वेभसाइटमा समेत सार्वजनिकीकरण गर्नु पर्दछ ।

क्र.सं.	खरिद एवं वितरणका कार्यक्रम वा शिर्षक	विनियोजन	खर्च
१	अपांगता सहयोग सामग्री वितरण	२०००००.	२०००००.
२	खेलकुद सामाग्री खरिद वितरण (सामुदायिक विद्यालयहरुमा समेत)	१५००००.	१५००००.
३	विपन्न परिवारलाई ट्युवेल वितरण कार्यक्रम	३०००००.	३०००००.
४	खेलकुद सामाग्री खरिद	१०००००.	१०००००.
५	पृथ्वीनारायण प्रा.वि. इन्द्रणी प्रा.वि. र रामजानकी आ.वि.का विद्यार्थीलाई न्यानो कपडा वितरण वडा नं. १	१०००००.	१०००००.
६	प्रारम्भिक उपचार सामाग्री वितरण कार्यक्रम	१८००००.	१८००००.
७	"तरकारी खेती गर्नको लागि 0.75 H.P. को विद्युत्तीय मोटर (७०-३० को लागत साझेदारीमा वितरण कार्यक्रम)	७१४२८५.	७१३४३४.
८	खानेपानी ट्युवेल वितरण तथा व्यवस्थापन	१०००००.	९९९३७.
९	खानेपानी ट्युवेल खरिद तथा वितरण कार्यक्रम	१०००००.	६८३००.
१०	गौरी आधारभूत विद्यालयका विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण कार्यक्रम	२४००००.	२४००००.
११	खेलकुद सामाग्री वितरण	८००००.	७८२५७.
१२	डिप बोरिङ्ग वितरण	३०००००.	२८७४३१.
१३	शारीरिक अशक्तता भएकाहरुलाई ह्वील चियर वितरण	५००००.	५००००.
१४	स्प्रे ट्याङ्की खरिद तथा वितरण	१०००००.	१०००००.
१५	ह्युमपाइप खरिद	२०००००.	२०००००.
१६	१ एच.पी. को मोटर खरिद गरी वितरण	२०००००.	२०००००.
१७	बिउ विजन खरिद तथा वितरण कार्यक्रम	१०००००.	९९८२०.
१८	मदर्सा विद्यालयका बालबालिकालाई ब्याग वितरण	५००००.	४९७२०.
१९	विपन्न वर्गलाई ट्युवेल खरिद र वितरण	१०००००.	९८८५१.
२०	स्प्रे ट्याङ्की खरिद तथा वितरण	१०००००.	१०००००.
२१	सामुदायिक विद्यालयमा कक्षा ९ का छात्रालाई साइकल वितरण	२००००००.	१८५२७३२.
२२	तरकारी मिनीकिट अनुदानमा वितरण वर्षे	४५००००.	४५००००.
२३	तरकारी मिनीकिट अनुदानमा वितरण हिउँदे	४५००००.	४५००००.
२४	बाली संरक्षणका लागि रासायनिक जैविक विषादी अनुदान वितरण	४५००००.	४४९९५०.
२५	मकै छोड्याउने मेशिन ७५ प्रतिशत अनुदान वितरण	९०००००.	८१००००.
२६	वगर खेतीका लागि विउविजन विषादी अनुदान वितरण समूह तथा फर्म (१२५)	३०००००.	३०००००.
२७	सूक्ष्म खाद्यतत्व अनुदान वितरण समूह तथा फर्म	५०००००.	४९९९८०.
२८	हरियो मल (ढैंचा र मुङ)का लागि कोसेबालीका विउ अनुदान वितरण	४०००००.	३९९९६०.
२९	सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना साम्रगी उत्पादन प्रकाशन तथा वितरण	१५०००.	१५०००.
	जम्मा	११०५९२८५.	८६४३३७२.

११ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले संलग्न अनुसूची बमोजिमका २९ शिर्षकमा कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनका लागि रु १५ करोड ४ लाख बजेट विनियोजन भई रु १४ करोड ३ लाख अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरिएको छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी श्रोतको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	नेपाल रेडक्रस सोसाइटी गौरीगञ्ज उपशाखा सञ्चालन अनुदान	५००००.	५००००.
२	काउमेट कृषकहरुलाई ५० प्रतिशत अनुदानमा	६२००००.	३०१०००.
३	माछा पोखरी विस्तारमा अनुदान (५० प्रतिशत लागत साझेदारीमा)	६०००००.	२०००००.
४	मोटर सहितको च्यापकटर ५० प्रतिशत अनुदानमा	८०००००.	६५१०००.
५	गौरीगञ्ज क्याम्पस चालु अनुदान	५०००००.	५०००००.
६	"खेती योग्य जमिनको आलीघटाउ उत्पादन बढाउ (चक्ला बन्दा खेती) ५० प्रतिशत अनुदान साझेदारी कार्यक्रम"	६०००००.	३५९१३५.
७	विपन्न परिवारलाई ५० प्रतिशत अनुदानमा स्वास्थ्य विमा कार्यक्रम सञ्चालन	६३००००.	६३००००.
८	भवानीपुर प्रा.वि. व्यवस्थापन अनुदान	१०००००.	१०००००.
९	"गाउँपालिका अनुदान शिक्षक तलव (मासिक १५०००*१३ महिना* १४ जना)"	२७३००००.	२७०६०००.
१०	आदर्श मावि र खजुरगाछी माविमा स्काउट सञ्चालन अनुदान प्रति विद्यालय रु. ७५०००।-	१५००००.	१५००००.
११	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धानगहुँ ५० प्रतिशस लागत साझेदारी)	८७५७५.	८७५७५.
१२	तरकारी मिनीकिट अनुदानमा वितरण वर्षे	४५००००.	४५००००.
१३	तरकारी मिनीकिट अनुदानमा वितरण हिउँदे	४५००००.	४५००००.
१४	पावर स्प्रे ट्यांकी खरीद (७५ प्रतिशत अनुदान)	३५६०००.	३१७२५०.
१५	बाली संरक्षणका लागि रासायनिक जैविक विषादी अनुदान वितरण	४५००००.	४४९९५०.
१६	मकै छोड्याउने मेशिन ७५ प्रतिशत अनुदान वितरण	९०००००.	८१००००.
१७	वगर खेतीका लागि विउविजन विषादी अनुदान वितरण समूह तथा फर्म (१२५)	३०००००.	३०००००.
१८	सूक्ष्म खाद्यतत्व अनुदान वितरण समूह तथा फर्म	५०००००.	४९९९८०.
१९	हरियो मल (ढैंचा र मुङ)का लागि कोसेबालीका विउ अनुदान वितरण	४०००००.	३९९९६०.
२०	आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत)	८८५००००००.	८७४०००१३.२६
२१	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धानगहुँ)	१०७५०००.	२६१८३५.
२२	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	१०५९५०००.	७४८७७००.
२३	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	३२४९०००.	३२४८१५०.
२४	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	१०६४८०००.	८३५४०००.
२५	माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीप्राविधिक धारका प्रशिक्षक समेत)	१९१००००००.	१८४०६४६०.५७
२६	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	१७४७०००.	१६३९१७०.
२७	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	७७१०००.	६५००००.
२८	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	३९०३०००.	३३३४७२१.९

२९	स्काउट विकास कार्यक्रम नपरेका सथानिय तहको वबलकल्याण मावि गौरीगञ्ज गा पा १ झापालाइ विद्यालय स्काउट विकासकालागी अनुदान	१०००००.	१०००००.
	जम्मा	१५०३६१५७५.	१४०२९३९००.७३

१२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गौरिगञ्ज गाउँपालिकाले यस वर्ष स्थानीय सञ्चित कोषतर्फको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नगराएको र संघीय कार्यालयबाट प्राप्त वित्तिय हस्तान्तरणतर्फको मात्रै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएकोमा अन्तिम लेखापरीक्षण अविधसम्म उक्त प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वियन गरेको छैन । आर्थिक प्रशासन शाखामा दरवन्दी रिक्त वा सरुवा भै गएको कारण उपलब्ध आन्तरिक लेखापरीक्षकले नै आर्थिक कारोवारको लेखा राखेकोमा आर्थिक वर्षभर रहेकोमा हाल लेखा अधिकृत सरुवा भै आएको अवस्था छ । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी लागू गरेता पनि प्रभावकारीरुपमा कार्यन्वयन भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गर्नु पर्नेमा सो नगरि सघं र प्रदेश अनुसार गर्ने गरेको र सोको समेत पुर्ण पालना नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नु पर्नेमा तयार गरेको छैन ।

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत योजनाको विवरण पुर्ण रुपमा तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको दिगोपना र संरक्षणका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा सो गरेको पाईएन आगामी दिनमा त्यस तर्फ ध्यान पुर्याउनु पर्ने।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको पुर्ण कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आशिक गुणस्तर परीक्षण गरेको पाईएता पनि उपभोक्ता समिति बाट गरेको कामको गुणस्तर परीक्षण गरेको पाईएन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था देखिएन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन सकेमा नसकेको मुल्याकंन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

• पालिकाको प्रशासकीय अधिकृत बाहेक प्रत्येक वडाको वडाध्यक्ष तथा वडा सचिजहरुले समेत सेवा करार वा खरिद सम्झौता गरी भुक्तानी दिने गरेको देखिएको हुँदा यसमा सुधार गर्नु पर्दछ ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेकाले के कति कार्यक्रम र भ्रमणमा भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको पाईयो ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि शाखामा राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको ETDS मात्र गरेको पाईयो अन्य जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई पेश भएता पनि सो कार्यक्रमहरु स्पष्ट पार्ने पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको पाईयो।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सोको स्पष्ट अभिलेखन गरेको पाईएन।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको, कार्यक्रमगत तथा योजनागत खाता राखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएता पनि सुत्र र यथार्तामा भिडान भएको पाईएन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छ।

• एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

सामाजिक सुरक्षातर्फ –

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोराका साथै पालिकामा वडास्तरमा छुट्टाछुटै सम्झौता गरी अन्तिम भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा बिल भरपाई पेश हुने गरेको, खर्च गर्नुपुर्व अख्तियारप्राप्त अधिकारीबाट प्राप्त आदेश वा निर्णय समावेश बेगर एकैपटक भुक्तानी दावी पेश हुने गरेको, उपभोक्ता समिति वा गैर सरकारी संस्थाहरुले कार्य गर्दा प्राप्त प्रस्तावको आधारमा लागत सहभागिता जुटने गरी कार्यक्रम सञ्चालन नगरेको, सवारी साधन भाडामा लिने प्रवृत्ती अत्यधिक रहेको, मसलन्द तथा फुटकर खर्च भुक्तानीका लागि प्राप्त बिल भरपाईमा फोटोकपी बिल, नगदी रसिद, नाम र खरिदकर्ता मिति नखुलेका बिल समावेश हुने गरेको, भुक्तानी प्राप्त गर्नेको तेरिज बन्ने

नगरेको तथा सम्बन्धित व्यवसायीको खातामा भुक्तानी नदिई जनप्रतिनिधी, कर्मचारी, व्यक्ति र त्यस्ता संस्थाका पदाधिकारीलाई भुक्तानी दिने लगायतका कार्यमा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४ **आर्थिक कारोबारमा संलग्नता**

पालिकाले यस आर्थिक वर्षमा गरेका कुल ७४८ कारोबारमा रु ५० करोड ३० लाख खर्च भएकोमध्ये व्यक्तिगत कारोबार २२१ व्यक्तिगत तवरबाट व्यक्ति वा कर्मचारी मार्फत रु ३ करोड ५ लाख बराबर भएको देखिएको छ । पालिकाको खर्च सञ्चालन व्यक्तिगत तवरबाट र निश्चित कर्मचारीमार्फत हुँदा कारोबारको पारदर्शिता एवं वित्तिय जोखिम बढ्न जान्छ । पालिकाले खर्च भुक्तानी गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया र विधि अपनाउनुपर्ने, खर्च भुक्तानी गर्दा सम्बन्धित पार्टी वा सप्लायर्सलाई सिधै गर्न सक्नेमा सो नगरेको, करार/डोर हाजिरमा कार्यरत कर्मचारीमार्फत आर्थिक कारोबार भएको र पेश्कीमाथि पेश्की दिई कारोबार गर्ने गरेको समेत देखिएको छ । अत: सरकारी कारोबार सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएको विधि र प्रक्रियाबमोजिम सम्पादन गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१५ **न्यायीक समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुल १०५ विवाद दर्ता भएकोमा ७६ वटा मुद्दाको समाधान भएको, २ वटा अदालतमा सिफारिश गरेको र २७ वटा मुद्दा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले १८ वटा ऐन, २६ वटा कार्यविधी, २ वटा नियमावली र २ वटा निर्देशिका गरी जम्मा ४८ वटा कानूनहरु पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वियन गर्नुपर्दछ।

विवरण	ऐन	कार्यविधि	नियमावली	निर्देशिका	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	१८	२६	२	२	४८

१७ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पूजन न्यौपाने (कुँवर)ले मिति २०८०।०३।१० गते रु.५२ करोड ९२ लाख ४९ हजार १ सयको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१७ मा पारित भएको देखिन्छ । यसैगरी स्थानीय तहका अध्यक्ष श्री फूलवति राजवंशीले मिति २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

१८ **जिन्सी व्यवस्थापन** -

१८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा साइकल, सिलङि फेन, सिलाइ मेसिन, फोटोकपी मेसिन र कुर्चि लगाएतका मालसामान लिलाम गर्नुपर्ने भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

१८.२ PAMS दाखिला -

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले खरिद मालसामानहरु (PAMS) मा प्रविष्ट गर्ने गरेतापनि वडा कार्यालयहरुबाट खरिद भएका मालसामानहरु (PAMS) मा दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम (PAMS) प्रणाली लागु गर्नु पर्दछ ।

१८.३ सरकारी सम्पत्ती अभिलेख -

स्थानीय सरकार संचालन ऐन ९७(४) मा नगरपालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण पुर्ण रुपमा (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन। पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ।

१९ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका २४ जना कर्मचारीको रु.१ करोड ४१ लाख ५० हजार ८ सय ९०, र पालिकाका २७ जना कर्मचारीको रु.२ करोड १५ लाख २६ हजार ७ सय २४ समेत जम्मा रु.३ करोड ५६ लाख ७७ हजार ६ सय १४ खर्च लेखेको छ । सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा परीक्षण वा नियन्त्रण गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२० **पदाधिकारी सुविधा** -

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । यस आर्थिक वर्ष पदाधिकारी सुविधामा रु.५३२२०००.०० खर्च भएको छ । पालिकाको यस वर्षको आन्तरिक आय रु.१,६०,११,३०४.१७ को तुलनामा ३३.२३ प्रतिशत खर्च रहेको देखिन्छ । कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्ने प्रयत्न गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पदाधिकारीको सेवा सुविधामा गरेको खर्च विवरण अनुसूचीमा संलग्न रहेको छ ।

क्र.सं.	नाम	खाजा	पुस्तक पत्रपत्रिका इन्टरनेट	सञ्चार	यातायात	पानी विजुली	सरसफाइ मर्मत	अतिथि सत्कार	अनुगमन भत्ता	चाडपर्व	जम्मा भुक्तानी
१	फुलबति राजवंशी	60000	24000	36000	0	30000	30000	108000	120000	10000	418000
२	पुजन न्यौपाने कुवर	60000	24000	36000	110000	30000	30000	60000	120000	10000	480000
३	कार्तिकलाल राजवंशी	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
४	किनालाल राजवशी	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
५	फेका प्रसाद गिरी	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
६	विजय प्रसाद सिंह	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
७	वद्री नारायण यादव	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
८	श्रवण गिरी	36000	12000	24000	48000	12000	12000	48000	48000	10000	250000
९	कृष्ण प्रसाद महतो	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१०	गंगा प्रसाद राजवंशी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
११	देव नारायण गंगाई	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१२	दिनेश प्रसाद गन्गाई	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१३	नेत्र बहादुर राजवंशी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१४	नितेश कुमार शाह	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१५	पदम कुमार श्रेष्ठ	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१६	महमद आशामुदिन मियाँ	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१७	रेखा राजवंशी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१८	राजभक्त सुनुवार २	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
१९	राम बहादुर राजवंशी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२०	लोकेन्द्र प्रसाद सिंह ताजपुरिया	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२१	शुसिल राइ	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२२	दुर्गा परियार	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२३	निरा ऋषिदेव	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२४	मिनादेवी पासवान	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२५	रम कुमारी विश्वकर्मा	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
२६	रिंकुदेवी राम	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२७	कमला देवी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000

	अधिकारी										
२८	रुक्मणी ऋषिदेव	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
२९	राधा अधिकारी	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
३०	रीता तामाङ	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
३१	सर्मिला राजवंशी	18000	12000	12000	24000	6000	0	18000	0	10000	100000
३२	अघनु प्रसाद राजवंशी	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
३३	रेखा कुमारी राजवंशी	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
३४	सन्त लाल ताजपुरिया	18000	12000	18000	30000	6000	12000	24000	24000	10000	154000
जम्मा		804000	432000	564000	1058000	288000	204000	960000	672000	340000	5322000

२१ **कर्मचारी व्यवस्थापन** -

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचन अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। पालिकामा जम्मा १५१ कर्मचारीको दरबन्दी रहेको रहेकोमा प्रमुख प्रशासकीय अधिकृत सहित १४२ दरवन्दी पदपूर्ती मध्ये ९२ जना कर्मचारीहरू करारमा पदपूर्ती र ९ दरवन्दी रिक्त रहेको देखिन्छ भने अन्य कार्यक्रमतर्फ १२ जना कर्मचारी करारमा पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

क्र.स.	स्वीकृत पद	संख्या	सेवा	तह	पदपूर्ती				रिक्त पद	करारवाट पदपुर्ती	कैफियत
					संघबाट समायोजन	साविक स्थानीय निकाय	आन्तरिक लोकसेवा	जम्मा पदपूर्ति			
१	प्रमुख प्रशासकीय अधिकृत	१	प्रशासन	राप तृतीय	१			१			संघबाट
२	अधिकृत प्रशासन	२	प्रशासन	६	2			२			
३	अधिकृत शिक्षा	१	शिक्षा	७।८			1	१			
४	अधिकृत लेखा	१	लेखा	७।८			1	१			
५	आलेप पाँचौ	१	लेखा	५।६			१	१			
६	इन्जिनियर सिभिल	१	इन्जिनियरिङ	७।८			१	१			
८	सुचना प्रविधि अधिकृत	१	सूचना प्र.अ.	६				१		१	
९	सिअनमि छैटौ	१	स्वास्थ्य	६	१			१			
१०	कृषि स्नातक प्रविधिक	१	कृषि	६				१		१	
१२	सहायक पाँचौ प्रशासन	६	प्रशासन	५।६		२	३	५	१		
१३	प्रा स सहायक पाँचौ	१	शिक्षा	५।६			१	१			
१४	लेखा सहायक पांचौ	१	लेखा	५।६		1		१			
१५	सव ईन्जिनियर पांचौ	३	इन्जिनियरिङ	५।६				०	३		
१६	ना.प.स्वा.प्रा.÷प.स्वा.प्रा.(पशु,ला.पो.डे.डे.,मत्स्यक्)पांचौ	१	पशु	५।६	1			१			
१७	ना.प्रा.स.÷प्रा.स. पांचौ (कृषि)	२	कृषि	५।६			१	१		१	
	स्टाफ नर्स	१	स्वास्थ्य	5।6	१			१			
१८	अधिकृत हे.ई.सि.अ.हे.व.छैठौ	१०	स्वास्थ्य	५।६	१०			१०			
१९	क.नं.सि.अ.न.मि.पांचौ	८	स्वास्थ्य	५।६	८			८			
२०	ल्याब टेक्निसियन	१	स्वास्थ्य	5।6	१			१			
२१	सहायक हे.ई.हे.अ.पाचौ	२	स्वास्थ्य	5।6	२			२			
२२	सहायक हे.ई.अ.हे.व.चौथो	१	स्वास्थ्य	४	१			१			
	सहायक क.न.अ.न.मि.चौ.	३	स्वास्थ्य	४	३			३			
२३	सहायक चौथो	४	प्रशासन	४			२	२	२		
२४	अ.सव ईन्जिनियर चौथो	५	इन्जिनियरिङ	४			३	४	१	१	
२५	ना.प.स्वा.प्रा.चौथो कृषि (पशु)	२	पशु	४				२		२	
२६	ना.प.से.प्रा. पाँचौ	१	पशु	५	1			१			
२७	खापासटे	१	इन्जिनियरिङ	४			१	१			

२८	अमिन	१	नापी	४				१		१	
२९	कास	५	प्रशासन	श्रेणी विहिन				५		५	
३०	कम्प्युटर अपरेटर	१	विविध	५				१		१	
	पालिकातर्फ जम्मा	८२			३१	३	१५	७५	७	२५	1
वडा र पालिका स्वीकृत करार दरवन्दी											
३१	सकअ	६	प्रशासन	४				४	२	४	
३२	नगर प्रहरी	६	प्रशासन	३।४				६		६	
३३	ह स चा/ ट्रक्टर चालक	२	प्रशासन	श्रेणी विहिन				२		२	
३४	कास	३	प्रशासन	श्रेणी विहिन				३		३	
३५	सरसफाइ कर्ता	११	प्रशासन	श्रेणी विहिन				११		११	
	सामाजिक परिचालक	१	प्रशासन					१		१	
	वडातर्फ जम्मा	२९						२७	२	२७	
स्वास्थ्य सेवा तर्फ स्वीकृत करार											
३६	मे सु	१	स्वास्थ्य	९। १०				१		१	
३७	मेडिकल अधिकृत	३	स्वास्थ्य	८				३		३	
३८	हे अ	४	स्वास्थ्य	५				४		४	
३९	अहेव	७	स्वास्थ्य	४				७		७	
४०	स्टाफ नर्स	४	स्वास्थ्य	५				४		४	
४१	मेडिकल ल्याव टेक्नोलोजिष्ट	१	स्वास्थ्य	५				१		१	
४२	ल्याव टेक्निसियन	२	स्वास्थ्य	५।६				२		२	
४३	अनमी	२	स्वास्थ्य	४				२		२	
४४	ल्याव असिष्टेण्ट	३	स्वास्थ्य	४				३		३	
४५	रेडियो ग्राफर	२	स्वास्थ्य	५।६				२		२	
४६	डेन्टल हाइजेनिष्ट	०	स्वास्थ्य	५।६				०		०	
४७	फार्मसी सहायक	०	स्वास्थ्य	५।६				०		०	
	कार्यालय सहयोगी	८	प्रशासन	श्रेणी विहिन				८		८	
	सरसफाई कर्मी	३	प्रशासन	श्रेणी				३		३	

				विहिन							
	स्वास्थ्यतर्फ जम्मा	४०						४०		४०	
	कुल जम्मा	१५१						१४२	९	९२	
अन्य कार्यक्रमतर्फ											
	प्रधानमन्त्री रोजगार तर्फ										
	रोजगार संयोजक अधिकृत	१	प्रशासन	६				१		१	
	रोजगार सहायक	१	प्रशासन	५				१		१	
	प्रविधिक सहायक	१	सव-इन्जिनियर	५				१		१	
	उद्यम विकास तर्फ										
	उद्यम विकास सहजकर्ता	१	प्रशासन	४				१		१	
	उद्यम विकास सहजकर्ता	१	प्रशासन	४				१		१	
	राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण तर्फ										
	एम.एस.आई. अपरेटर	१	प्रशासन	५				१		१	
	फिल्ड सहायक	१	प्रशासन	४				१		१	
	रोजगार प्रबर्द्धन कार्यक्रम (सामी)										
	परामर्शकर्ता	१	प्रशासन	५				१		१	
	वित्तय साक्षरता सहजकर्ता	१	प्रशासन	५				१		१	
	रिटर्नी सहायक	१	फिल्ड					१		१	
	रिटर्नी सहायक	१	फिल्ड					१		१	
	मनोसामाजिक परामर्शकर्ता	१	प्रशासन	५				१		१	
कार्यक्रमतर्फ जम्मा		१२						१२		१२	

२२ सेवा प्रवाह-

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्यायबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

सेवा प्रवाहको विवरण	सेवा प्राप्तिको लागि निवेदन संख्या	सिफारिश संख्या
नागरिकता सिफारिश	१२०२	११७६
घरबाटो सिफारिश	११४६	१०८६
नाता प्रमाणित	६०७	५९७
जन्म, मृत्यु तथा विवाह दर्ता	१४३८	१४१५
अन्य	४२४८	४१५०

२३ **योजना प्राथमिकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडामा कुल १५७ योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म		**रु. १ लाख देखि २ लाख सम्म**		**रु. २ लाख देखि ५ लाख सम्म**		**रु. ५ लाख देखि १० लाख सम्मका**		**रु. १० लाख भन्दा बढीको**		**जम्मा**
संख्या	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	
53	3742905	35	6350000	36	13030740.60	15	13202660	12	31884945.63	68211251.23

२४ **आन्तरिक लेखापरीक्षणको बेरुजू-**

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३० तथा सामाजिक सुरक्षा भता वितरण कार्यविधि, २०७४ को दफा १४ को उपदफा ५ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी प्राप्त रकम अनुसुची ८ अनुसार कार्यालयलाई बैंकले उपलब्ध गराएको रिवर्स फिड (ताभग्राहीलाई रकम बुझाएको भर्पाई) की सेवा प्रदायक बैंकबाट फिर्ता गर्नुपर्ने रकम महलमा तपशिल अनुसारको रकम बाकी रहेको हुदाँ तपशिल अनुसारका सेवा प्रदायक बैंक बाट रकम अशुल गरी दाखिला गर्नु पर्ने व्यहोरा औँल्याईएकोमा सम्बन्धित वित्तीय संस्थाबाट फिर्ता दाखिला पएको प्रमाण पेश भएको छ ।

वडा नं.	बैंक	रकम
३	एक्सेल डेभलपमेन्ट बैंक	१३१७१
६	प्राइम कमर्सियल बैंक लि	५७६०३
	एन आइ सि एसिया बैंक	६२९२७
जम्मा		१३३७०१

२५ **छात्रवृत्ती र तलव अनुदान**

पालिकाले शिक्षक दरबन्दी अनुसार सशर्त अनुदानबाट प्राप्त अनुदान रकमबाट तलव भत्ता भुक्तान हुने व्यवस्था र समानिकरण अनुदानबाट खर्च लेख्दा दोहोरो नपर्ने गरी बजेट व्यवस्था गर्नुपर्दछ । पालिकाले नीजि श्रोत शिक्षक, छात्रवृत्ती र क्याम्पसको सञ्चालन अनुदानमा निम्नानुसार रु ७७ लाख ४३ हजार भुक्तान गरेको छ । पालिकाको आन्तरिक श्रोत रु १ करोड ६० लाखमात्र रहेको, चालु खर्चमा लगातार भईरहेको वढोत्तरी, शिक्षक विद्यार्थी अनुपात, विद्यालय संख्या र समायोजनको नीति बमोजिम पालिकाको खर्च मितव्ययी र आवश्यकताका आधारित हुनुपर्नेमा दिर्घकालिन दायित्व वहन क्षमता एवं वितरणमुखी खर्च केन्द्रित कार्यपद्दती अवलम्बन गरी नीजि श्रोत शिक्षकको तलव भत्ता व्यवस्थापनमा खर्च गरेको उपयुक्त देखिएन ।

क्र.सं.	शिक्षण क्षेत्रमा थप अनुदान	स्रोत	विनियोजन	खर्च
१	"गाउँपालिका अनुदान शिक्षक तलव (मासिक १५०००*१३ महिना* १४ जना)"	आन्तरिक श्रोत	२७३००००.	२७०६०००.
२	आदर्श मावि र खजुरगाछी माविमा स्काउट सञ्चालन अनुदान प्रति विद्यालय रु. ७५०००।-	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	१५००००.
३	गौरीगञ्ज क्याम्पस चालु अनुदान	आन्तरिक श्रोत	७०००००.	७०००००.
४	कक्षा ११ र १२ का विद्यार्थीलाई निशुल्क शिक्षा छात्रवृत्ती	नेपाल सरकार - समानिकरण अनुदान	४१८७०००	४१८७०००
	जम्मा		७७६७०००.	७७४३०००.

साथै विभिन्न विद्यालय र शिक्षकलाई तलव भत्ता भुक्तानी भएको रकम सम्बन्धित विद्यालयको खातामा दाखिला भएकोमा तोकिएबमोजिम कार्यरत रहेका शिक्षकको बैंक खातामा दाखिला भए नभएको समेत यकिन गरी पेश गर्नुपर्ने देखिएको छ ।

२६ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसूचीमा समावेश गरिएको छ । शिक्षक दरवन्दीलाई विद्यार्थी संख्याको अनुपातमा व्यवस्थापन गरी शिक्षक पदपूर्तीको व्यवस्था गर्नुपर्दछ । शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

क्र स	विद्यालयको नाम	वडा	बाल विकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहात	pcf + 2	अस्थायी लियन	रिक्त दरबन्दी	जम्मा दरबन्दी	विद्यालय कर्मचारी	विद्यार्थी सं.
१	वालकल्याण माद्यमिक विद्यालय	गौरीगंज १	३	१६	१	२				२२	२	
२	श्री जनकल्याण आ.वि.	गौरीगंज १	४	८		१				१३	१	
३	श्री रामजानकी आ.वि.	गौरीगंज १	२	७	१					१०	१	
४	श्री इन्द्रेणी प्रा.वि.	गौरीगंज १	२	२		१				५	१	
५	श्री पृथ्वीनारायण प्रा.वि	गौरीगंज १	२	२	२					६	१	
६	श्री आदर्श मा.वि.	गौरीगंज २	५	१२	१	४				२२	२	
७	श्री जनता आ.वि.	गौरीगंज २	३	३	२	३				११	१	
८	श्री शिशुकल्याण प्रा.वि.	गौरीगंज २	३	४						७	०	
९	श्री आधारभुत जनकल्याण प्रा.वि.	गौरीगंज २	२	४		१				७	१	
१०	श्री आमगाछी प्रा.वि.	गौरीगंज २	२	२						४	१	
११	श्री गौरिगञ्ज मा.वि.	गौरीगंज ३	१	२०		३	८			२४	२	
१२	श्री गौरिगञ्ज प्रा.वि.	गौरीगंज ३	१	८						९	१	
१३	श्री गौरी प्रा.वि.	गौरीगंज ३	१	५						६	१	
१४	श्री राष्ट्रिय प्रा वि	गौरीगंज ४	१	५						६	१	
१५	श्री सरस्वती प्रा.वि.	गौरीगंज ४	१	४						५	१	
१६	श्री बगुवा प्रा.वि.	गौरीगंज ४	१	२	१	१				५	१	
१७	श्री गौरीया प्राथमिक	गौरीगंज ४	१	२		१				४	१	
१८	श्री भवानी प्रा वि	गौरीगंज	१	१						२	०	

		४										
१९	श्री जनता प्रा.वि.	गौरीगंज ५	२	५						७	०	
२०	श्री जनता बालविकास प्रा.वि.	गौरीगंज ५	३	४	१	१				९	१	
२१	श्री चिल्हारा प्रा.वि.	गौरीगंज ५	०							०	०	
२२	श्री तारा प्रा.वि.	गौरीगंज ५	०							०	०	
२३	श्री आदर्श प्रा.वि.	गौरीगंज ५	२	३	१					६	१	
२४	श्री खजुरगाछी मा.वि.	गौरीगंज ६	३	१९	१	२	२			२५	२	
२५	श्री भगवती प्रा.वि.	गौरीगंज ६	१	३	१	१				६	१	
२६	श्री राष्ट्रिय प्रा वि	गौरीगंज ६	२	४	१					७	१	
जम्मा			४९	१४५	१३	२१				२२८	२५	

२७ **निशुल्क पाठ्यपुस्तक रकम निकासाः**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु.२६,३१,८०५.०४ विभिन्न २६ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा रु.७,०२,९१७.८० गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको छ । पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने व्यहोरा औँल्याईएको विद्यालयले निम्न विद्यालयको यकीन गरी पेश गरेको र बाँकी विद्यालयको समेत यकीन गरी असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु.

क्रसं	विद्यलयको नाम	कक्षा	विद्यार्थीसंख्या		फरक	दर	रकम	कैफियत
			भएको	भुक्तानी				
1	आर्दशमावि	५	४३	४४	१	६३४	६३४	
		९	८९	८७	२	७७०	१५४०	
	जम्मा						2174	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **९,०८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३,९२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,१७४

२८ **छात्रवृति वितरण कार्यक्रमः** (८७-२०८१-१-१४):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२९ **तलब भत्ता बढी निकासाः**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा रमना लिई सरुवा भएका शिक्षकहरुको रमनामा तलब भत्ता लिएको उल्लेख भएको अवधि भन्दा फरक पारी तलब भत्ता रकम निकासा दिएकोले सो रकम एकिन गरि संघिय सञ्चित कोषमा असुल दाखिला गर्नुपर्ने औँल्याइएकोमा छलफलको क्रममा प्रमाण पेश भएको छ ।

क्र.सं.	विद्यालयकोनाम	शिक्षककोनाम	रमनामा उल्लेख तलब भत्ता निकासा मिति	निकासा (त्रैमासिक)	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको
१	आधारभुत जनकल्याण प्रावि	डायमण्ड ताजपुरिया	२०८०।३।३१	पहिलो	०	१४८६७८
२	जनता बालविकास प्रावि	रत्नदासखरेल	२०८० असोजमसान्त	दोश्रो	०	७७६८७
जम्मा						२२६३६५

३० **प्राविधिक धार सञ्चालन अनुदान**

कार्यक्रम कार्यान्वय पुस्तिका २०८०/८१ को २.६. अनुसार शिक्षण सिकाइ सामग्री तथा Lab Assistant, Equipment's and Practical materials) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरू तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने र यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५ हजार का दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने व्यवस्था छ । यस गाउँपालिका अन्तरगतको एक मात्र प्राविधिक धार सञ्चालित विद्यालय श्री गौरीगञ्ज माध्यमिक विद्यालयबाट कक्षा ९-१२ को जम्मा १४६ (एक सय छयालिस) जना विद्यार्थीको लागि रु.१५ हजारका दरले रु.२१ लाख

९० हजार भएकोमा बजेट अभावका कारण रु.१८ लाख एकमुष्ट अनुदान निकासा दिएको छ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्

• प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरू तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्नुपर्नेमा गाउँपालिकाले अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन अनुगमन प्रतिवेदन पेश गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• प्राविधिक धार सञ्चालित विद्यालयका कक्षा ९-१२ को जम्मा १४६ विद्यार्थी भएको भनी पेश भएकोमा १२० जना अनुसार निकासा भएकोमा संलग्न फाँटवारी परीक्षण गर्दा कक्षा ११ र १२ को विद्यार्थी २९ र २९ गरी ५८ जना पेश भएकोमा कक्षा ११ र १२ को विद्यार्थीको रजिष्ट्रेशन नामावली एउटै पेश भएको छ । फाँटवारीमा संलग्न गरी निकासा भएको विद्यार्थी भएको विद्यालयको प्रमाणित हाजिर प्रमाण, शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यास भएको प्रमाण पेश भएको नदेखिएकाले सोको प्रमाण पेश गर्नुपर्ने औल्याइएकोमा प्रमाण पेश भएको छ ।

३१ **पूर्वाधार लगानीमा स्वामित्व**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु.२४०२१७३४.१४ बजेट विनियोजन र रु.२२६५०७०७ खर्च गरी सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका (उदाहरणको रुपमा) ४० पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर लाभग्राही समुह, गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न विवरण माग गरिएकोमा निम्नानुसारको योजनासँग सम्बन्धित जग्गा वा भवनको स्वामित्व व्यक्तिगत वा नखुलेको देखिएको छ । व्यक्ति र संस्थाको जग्गामा निर्माण भए नभएको यकीन गरी सार्वजनिक लगानि हुने यसप्रकारका निर्माण कार्यको जग्गाको स्वामित्व सार्वजनिक कायम हुनुपर्ने तथा देहायका योजना रहेको स्थानको स्वामित्व सार्वजनिक भएको प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने देखिएको रु

क्रम	कर्मचारीको नाम	असुली रकम
३१.१	आठमौजा जेष्ठ नागरिक चौतारा निर्माण वडा नं. ६	२५०,०००
३१.२	कमल माझीको घर छेउमा हनुमान मन्दिर निर्माण	१००,०००
३१.३	कुटीटोल महाराजथान निर्माण	१५०,०००
३१.४	टुनुबस्तीमा महाराजथान निर्माण वडा नं. १	२००,०००
३१.५	तिला मुर्मुको घर अगाडि सन्थाल जातिको मन्दिर निर्माण	१००,०००
३१.६	दिवशको घर अगाडि अधुरो प्रतिक्षालय निर्माण	९७,२८८
३१.७	बगुवा अधुरो मलामीघर तथा बाटो निर्माण वडा नं. ३	२००,०००
३१.८	स्यालडाँगीको साकेलाथान मर्मत	१००,०००

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	११,९७,२८८

३२ **सार्वजनिक संरचना निर्माणमा उपभोक्ता समिति**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद विधि छनौट र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी सम्बन्धी व्यवस्था रहेका छन् । सार्वजनिक निकायको संरचना निर्माणमा उपभोक्ता समितिबाट भएको कामको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिवाट नगराइ प्रतिस्पर्धा हुने गरी गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारका उपभोक्ता

समितिमार्फत कार्य गराएकोमा सार्वजनिक निकायसँग सम्बन्धित निर्माण कार्य गर्नका लागि उपभोक्ता समिति परिचालन भएको व्यहोरा सहित निम्नानुसार भुक्तानी दिएको छ । उपभोक्ता वा लाभग्राही समुदाय प्रत्यक्ष संलग्नता नरहने वा जनसहभागिता नजुटने सार्वजनिक निकायको निर्माणसँग सम्बन्धित कार्य प्रतिस्पर्धात्मक खरिद विधि नअपनाई उपभोक्ता समितिमार्फत गराएको अनियमित देखिएको रु

क्र स	उपभोक्ता समिति	भुक्तानी	कार्य
१	वडा नं ३ कार्यालय घेराबारा	१३५८०००	घेराबार कार्य
२	वडा नं ३ सभा हल निर्माण	९७००००	सभा हल
	जम्मा	**२३२८०००**	

अनियमित भएको	२३,२८,०००

३३ **क्याटलग सपिङ्ग खरिद**- (९३-२०८१-३-२१):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(८) तथा सार्वजानिक खरिद नियमावली २०६४ को दफा ३१(ख) बमोजिम उत्पादक मा अधिकृत विकताद्वारा निर्धारित दरमा (काटलग सपिङ्ग) खरिद गर्ने विधि व्यवस्था छ । यस उपखण्डको प्रयोजनको लागि उत्पादक का अधिकृत विकेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट" भन्नाले कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर सुविधाका आधारमा तय गरेको विकी मूल्य सम्बन्धित आधारमा तय गरेका विक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि समान स्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई खरिद विधिको व्यवस्था छ । पालिकाले गौरीगञ्ज आधारभुत अस्पतालवाट प्रवाह भइरहेको सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन जेनेरेटर रु.१९ लाख ९० हजारमा केशरीचन्द भंवरलाल एण्ड कम्पनी प्रा.ली. बाट क्याटलग सपिङ्ग खरिद विधिबाट खरिद गरेको छ । संलग्न फाँटवारीमा विकी मूल्य सम्बन्धित आधारमा तय गरेका विक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि समान स्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई खरिद विधि गर्नुपर्नेमा सो गरेको देखिएन । वेवसाईडमा खोजी गर्दा सोही स्पेशिफिकेशन भएको जेनेटरको मुल्य रु.१९ लाख मात्र देखिएकोले सो को एकिन गरी कम्पनीले तोकेको मुल्य प्रमाण पेश गर्नुपर्ने अन्यथा रु.९० हजार बढी मुल्य भुक्तानी दिएको असुल गर्नुपर्ने व्यहोरा औल्याईएकोमा छलफलको क्रममा शुरुवातमा १०० केभिएको खरिद गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाएतापनि सम्बन्धित प्राविधकसँग छलफल गर्दा १२५ केभिएको राख्नु उपयुक्त हुने सुझावपश्चात उक्त सप्लायर्सको आधिकारिक वेवसाईटमा रु २२ लाख मुल्य रहेको ३ फेज १२५ केभिए ६ सिलिण्डर सहित (मोडल नं 6R1080TA) प्राप्त गरि भुक्तानि दिएको जनाएको छ ।

३४ **रितपूर्बकको कर बिजक** – (१२-२०८१-३-२१):

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.४५७८७.०० समेत रु.३९८०००.०० समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
१२।२०८१।३।२१	सम्पन्न सबल नेपाल	६०३९४५४६१	विजक नं सच्याएको तथा दस्तखत नभएको	३९८०००	४५७८७

प्रमाण पेश नगरेको	४५,७८७

३५ **सामाजिक सुरक्षा भत्ता वितरण** -

३५.१ पालिकाले ६ वटा वडामा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा ई.एफ.टि. मार्फत वितरण गरेको देखिन्छ।यस वर्ष पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.१३,९८,३६,६३३ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

३५.२ मृत्यु भएको व्यक्तिको नाममा निकासा –

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयमा बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा मृत्यु भएका व्यक्तिको लगत कट्टा गरीसके पश्चात पनि रकम लाभग्राहिको बैँक खातामा जम्मा गरेको देखिएकोले पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा दाखिला भइ प्रमाण पेश भएको छ ।

व्यक्तिगत नं.	नाम	नागरिकता न	जन्म मिति	लागत कट्टा मिति	वडा नं.	कारण	भुक्तानी रकम	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी
२०१२१२३१२९८३८	पार्वती देवी गन्गाई	०४३०४९। २२	४१२४३	६५९८२	५	मृत्यु	३५९२०	१९०६६	१६८५४
जम्मा									१६८५४

३५.३ निष्कृय खाता -

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ। लेखापरीक्षणको समयमा कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संलग्न अनुसुचीमा समावेश विवरण अनुसार खाता निष्कृय रहेकोले देखिएको हुँदा उक्त बैँक खातामा रहेको रकम पालिकाले यकीन गरी संघीय संचित खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.

Account no	Name	AMOUNT	Citizenship Number	Bank
2135751291896001	SORGA KUMARI RAJBANSHI	8100	34170505	NIC Asia Bank
2135751291726001	SATANU TAJPURIYA	4034	34171409	NIC Asia Bank
2135751291616001	DENO KUMARI RAJBANSHI	24000	46621920	NIC Asia Bank
2135751293253001	BHUWANI RAJBAMSHI	47920	41048802	NIC Asia Bank
2135751293335001	CHILKI RAJBANSHI	16000	43041604	NIC Asia Bank
2135751293145001	MADHE LAL RAJBANSHI	24000	50370452	NIC Asia Bank
2135751293208001	SITA RAM RAJBANSHI	9700	50373106	NIC Asia Bank
2135751293324001	BANA RAJBASHI	0	4304191	NIC Asia Bank
2135751293136001	LABAL MAYA TAMAGA	0		NIC Asia Bank
2135751293162001	NARAYAN BRAHAMANI BHATTARAI	24000		NIC Asia Bank
2135751293257001	CHENGANI RAJBAMSHI	0		NIC Asia Bank
2135751293327001	BITAIYA TUDU	0		NIC Asia Bank
2135751293349001	HIRA KUMARI CHAMLAGAI	0		NIC Asia Bank
2135751293218001	TALA HASDA	3800	43041532	NIC Asia Bank
2135751291782001	MANOSARI GIRI	8000	34179705	NIC Asia Bank
2135751293338001	DEVI MAYA GHIMIRE	8000	5037306	NIC Asia Bank
2135751293359001	KURMI SORAN	8000	43041554	NIC Asia Bank
2135751293058001	CHARAN MURMU	0		NIC Asia Bank
2135751293411001	TOPRA RAJBAMSHI	0		NIC Asia Bank
2135751291648001	HIRAWATI GIRI	24000	402723756	NIC Asia Bank
2135751293350001	GHUMI BESRA	16000	4304126	NIC Asia Bank
2135751293054001	CHABI LAL DANGAL	24000	46622707	NIC Asia Bank
2135751293061001	CHHATHARU YADAV	24000	988/883	NIC Asia Bank
2135751293082001	DIL MAYA RAI	0		NIC Asia Bank
2135751291930001	SONI KUMARI RISHIDEV	3200	198B.C.	NIC Asia Bank
2135751291722001	SANKHA DEVI GIREE	6500	34171521	NIC Asia Bank
2135751293298001	PANCHAM RAJBAMSHI	0		NIC Asia Bank
2135751293464001	NIHA KUMARI RAM	3200	67 B.C.	NIC Asia Bank
2135751293463001	LAXMI KUMARI RAJAK	3200	116 B.C	NIC Asia Bank
2135751293188001	SADHAN LAL RAJBANSHI	24000	207068/0335	NIC Asia Bank
2135751293377001	PABITRA DEVI GIRI	0		NIC Asia Bank
2135751539255001	MSHABIR TAJPURIYA	88000	34170161	NIC Asia Bank
2135751616141001	PICHAKALA KHADKA	4000	43041381	NIC Asia Bank
2135752676224001	THUPSI TAJPURIYA	0		NIC Asia Bank
2135752777186001	BHOLA MURMU	0		NIC Asia Bank
2135752780933001	CHANDRA KUMARI DARAL	0		NIC Asia Bank
2135751293182001	RANI HEMRAM	60000	043041/599	NIC Asia Bank
2135751293050001	BUDARI MURMU	14806		NIC Asia Bank
2135751293465001	2135751293465001	17333	68.B.C	NIC Asia Bank

Main Code		0		
04801000000009018208	SITA DEVI HASDA	18,853.40	043049/88	Prime Bank
04801000000017118222	SRIJANA RISHIDEV	3,772.50	38	Prime Bank
04801000000080518266	SHIV KUMAR RISHIDEV	1,494.38	319	Prime Bank
Total		521913.28		Prime Bank

(विस्तृत विवरण बेरूजु दफा ३५.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५,२१,९१३.२८

३५.४ आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको सामाजिक सुरक्षा पाउने लाभग्राहीको संख्याको र खर्चको अवस्था देहाय बमोजिम रहेको छ :



३५.५ अनुगमन तथा सुपरीवेक्षण -

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

३६ **अस्पताल भवन निर्माण (ठेक्का नं. GRMW-NCB-05-2077/78)**

गाउँपालिकाले खजुरगाछीमा आधारभुत अस्पताल निर्माण कार्य २४ महिनासम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी सि एम कन्स्ट्रक्सन प्रालीसँग २०७८।१।७ मा रु. १३०४५२०१३।७२ को खरिद सम्झौता गरेको छ । २०७९।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको यस निर्माण कार्यका लागि २०८२।३।२० सम्मका लागि पालिकाले चौथोपटक म्याद थप गरेको छ । हालसम्म चौधौ बिलसम्म रु १०४०८७३७५।६३ भुक्तान भैसकेकोले निर्माण कार्य निर्धारित गुणस्तर र समयमा सम्पन्न गरी अस्पताल सञ्चालन गर्नुपर्दछ । यस निर्माण कार्यका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३६.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **५,८४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६.२

निर्माण कार्य शुरु गर्नुपुर्व निर्माण व्यवसायीबाट गुणस्तर आश्वस्तता योजना पेश भई स्वीकृत गुणस्तर आश्वस्ता योजना बमोजिम कार्य गराउनुपर्नेमा योजन पेश भएको नदेखिएकोले सो सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६.३ स्यानेटिरी वर्क्सतर्फ (ट्यान्क नरहेको, बाथरुम, वासबिन ह्यान्ड ड्रायर लगायत) रु ९२१६३४(मुअकर समेत) को कार्य मिति २०८१।९।५ मा लेखापरीक्षण टोलीबाट स्थलगत अवलोकन हुँदा कार्य सम्पादन नहुँदै विओक्यूमा चढाई अग्रिम भुक्तानी गरिएको देखिएकोले सम्झौतामा उल्लेख भएको कार्य नै नभइ नापी किताबमा समावेश गर्ने प्राविधिकलाई जिम्मेवार वनाइ सार्वजनिक खरिद ऐन २०६३ को दफा ६१ क वमोजिमको कार्य प्रक्रिया अवलम्बन गर्नुपर्ने तथा भेरिएशन आदेश स्वीकृत गरी भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएको देखिएकोले भुक्तानी दिएको बराबरको रकम आगामी बिलबाट कट्टी, बिओक्यु बमोजिम काम भएको प्राविधित पुष्टयाइ वा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,२१,६३४

३६.४ परिमाणमा भएको बढोत्तरी सम्बन्धमा भेरिएसन आदेश वा लागत अनुमान संशोधन नगरी चौधौ रनिङ्ग बिलसम्म ९ आईटममा पूर्व निर्धारित परिमाण भन्दा बढी कार्य गराएकोमा प्राविधिक पुष्ट्याई समेत समावेश गरेको छैन । कुल खरिद सम्झौताको अंकमा थप नभएतापनि ९८ प्रतिशतसम्म विओक्यु परिमाणमा थप भुक्तान गर्दा समेत प्राविधिक पुष्ट्याई र निर्णय समावेश नगरेको उपयुक्त देखिएन । साथै, स्थलगत अवलोकनको क्रममा र्‍याम्पको स्लाव लगायतको ढलानमा डण्डी देखिएको छ । निर्माण कार्यको सम्बन्धित जिम्मेवार साईट ईन्चार्जबाट नियमित चेकजाँच गराई गुणस्तरिय कार्य गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३६.५ निर्माण कार्यसँग सम्बन्धित विमा रकम रु ४१२३१५।५३ भुक्तान भैसकेतापनी म्याद थपको समयमा थप अवधिको विमा कभरेज नलिएको तथा म्याद थपको निर्णय गर्दा बिमा सम्बन्धीत कागज प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,१२,३१६

३६.६ विओक्यू आईटम नं २.१७ र २.१८ मा पेनल डोर सालको काठबाट बनेको (38x75 mm thick Sal wood frame with 4 mm thick fully glazed shutter fixing work with all complete) हुने गरी रु ८६१० (भ्याट बाहेक) लागत अनुमान र व्यवसायीले रु ८००० मा कबोल गरेकोमा फिल्डमा प्रयोग भएका साधारण Teak Wood Panel Door Non Water Proof को आर्थिक वर्ष २०७७।७८ को दर रु २१०० रहेबाट {(8000-2100)*282.9 sqm)} रु १६६९११० को मुअकर सहित हुन आउने रकम रु १८८६०९४ बढी भुक्तानी हुनजान्छ । यस सम्बन्धमा पालिकाले प्रतिस्पर्धात्मक तवरले दरमा मूल्याँकन गरी कार्य गराएको र निर्माण व्यवसायीसँग समन्वय गरी कार्य गराई प्रमाण सहित पेश गरिने उल्लेख गरेतापनि चौधौ रनिङ्ग बिलसम्म चढेको रु १५८.५३ वर्ग मिटरको रु १०५६९१९ बढी भुक्तानी भैसकेको छ । अत: अन्तिम मुल्यांकन र बिल भुक्तानीसम्म तोकिएबमोजिम कार्य गराउनुपर्ने वा हाल प्रयोग भैरहेको प्यानल वोर्डलाई कायम गरी बढी भुक्तान हुने रकम असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१८,८६,०९४

३७ **पर्यटन पूर्वाधार विकास आयोजना**

गाँउपालिकाले कोरोबारी सिमसार क्षेत्र निर्माणका लागि ठेक्का नंGRMW/NCB/०६/२०७७/७८ मार्फत निर्माण व्यवसायी ड्रागन/ सफल/ निशान जे.भी. सँग रु.४,८८,९३,५१०.०३(मूल्य अभिवृद्धी कर र पिएस समेत) गरी २०७९।११।३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।०४।१२ मा सम्झौता भएको छ ।गतआर्थिक वर्ष सम्म रु.२,७४,७२,५६१.०६ र यस वर्ष रु.३२,६१,८८५.८४ गरी जम्मा रु.३,०७,३४,४४६.९० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

३७.१ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०७९।११।३० मा सम्पन्न गर्नुपर्ने देखिन्छ । तथापी यो बर्षको अन्त्यसम्म निर्माण व्यवसायीले उक्त निर्माण कार्य गरी चौथो रनिङ्ग विल सम्म रु.३,०७,३४,४४६.०० (मु.अ.कर समेत) भुक्तानी भै करिव ६२ प्रतिशत वित्तीय तथा ६५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । शूरु सम्झौताको अवधिमा उक्त निर्माण कार्य सम्पन्न हुन नसकी पटक पटक म्याद थप भएकोमा पछिल्लो पटक कार्यपालिकाको मिति २०८०।१२।२१ को निर्णय बमोजिम २०८२।०३।२० सम्म म्याद थप भएको छ । गाँउपालिकाले पटक पटक म्याद थप भएको अवधिमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौता वमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति लिई निर्माण कार्य सम्पन्न गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३७.२ **भेरिएशन आदेश वेगर भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६३ को दफा ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिमम सार्वजनिक निकायले भेरीएशन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्नेछ । गाउँपालिकाले यस सिमसार क्षेत्र निर्माण वापत भुक्तानी दिएकोमा देहायको आईटम कार्यको कवोल परिमाण भन्दा बढी परिमाणमा भुक्तानी दिएको पाईयो । लागत अनुमानको यस परिमाण भन्दा बढी भुक्तानी दिनु पुर्व भेरिएशन आदेश स्वीकृत पश्चात मात्र भुक्तानी दिनुपर्नेमा स्वीकृत वेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

सिनं	कार्यविवरण	BOQ बमोजिमको परिमाण (घ.मि.)	भुक्तानी भएको परिमाण (घ.मि.)	बढी भुक्तानी परिमाण (घ.मि.)	दर	रकम
१	Soling Works	६७८.७३	१४५०.०३	७७१.३०	७००	५३९९१०

अनियमित भएको	५,३९,९१०

३७.३ **बैंक ग्यारेन्टी म्याद कमः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । यस कोरोबारी सिमसार क्षेत्र निर्माण कार्यका लागि २०८१ साउन ३० सम्मको निर्माण व्यवसायीले रु.२४,२२,०००.०० को माछापुच्छ्रे बैंक लि.को कार्यसम्पादन बैंक जमानत पेश गरेको छ । निर्माण कार्यको म्याद २०८२।३।२० सम्म थप भएकोले कार्यसम्पन्न गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधि २०८३।४।२० सम्म थप भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने भनि औँल्याइएकोमा म्याथ गरेको प्रमाण पेश गरेको छ ।

३७.४ **पेश्की-** कोरोबारी सिमसार क्षेत्र निर्माण कार्यका लागि निर्माण व्यवसायी ड्रागन/सफल/निशान जे.भी. सँग भएको सम्झौताको सम्झौताका विशेष शर्तको वुँदा नं ५७.३ मा पेश्की वापत प्रदान गरेको रकम स्विकृत सम्झौता अवधिको ८० प्रतिशत समयमा फर्स्यौट

गर्नुपर्ने उल्लेख छ । सिमसार निर्माणको शुरु सम्झौता मिति २०७९।११।३० मानै समाप्त भएकोमा २०८२।३।२० सम्म म्याद थप भएको छ । मोविलाईजेशन पेश्की वापत निर्माण व्यवसायिलाई प्रदान गरेको पेश्की रकम रु.१७,२५,२००।०० फर्स्यौट भएको देखिएन र उक्त पेश्कीको पेश्की जमानतको अवधि समेत थप नभएको देखिन्छ। हाल उक्त निर्माण कार्यस्थलमा निर्माण व्यसायी नभएको र निर्माणकार्य अनिश्चित भएको अवस्थामा समेत पालिकाले निर्माण कार्यको लागि मिति २०८२।३।२० सम्म म्याद थप गरेको देखिन्छ । निर्माण कार्यको म्याद थप भएको अवधिलाई आधार मान्दा समेत लेखापरीक्षण अवधिमा उक्त पेश्की फर्स्यौट हुनुपर्नेमा हाल निर्माण कार्य सुचार हुने नहुने निश्चितता नदेखिएकोले उक्त पेश्की रकम असुल फर्छयौट गरेको प्रमाण पेश गर्नुपर्ने औँल्याईएकोमा छलफल पश्चात प्रमाण पेश भएको छ ।

३७.५ **नन्फाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाबाट यस निर्माण व्यवसायीलाई मू.अ.कर रु.३,७५,२६१.२० समेत रु.३२,६१,८८५.८४ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि आयकर विवरण नबुझाई आ.व. २०७८/७९, २०७९/८० नन्फाईलर रहेको आन्तरिक राजश्व कार्यालयको पोर्टलमा देखिन्छ । अतः निर्माण व्यवसायीले कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले आयकर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

३८ **कार्यसम्पन्न प्रतिवेदन** - (2-२०८०-५-१२):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.ब.०७९/८० को लागि वडा नं. ३ ले ४५ MM को ८ थान ह्युप पाईप खरिद गरी पानस सिमेन्ट कन्क्रिट ई.प्रा.ली.लाई रु.९९६१८ भुक्तानी गरेको छ । सो खरिद भएको ह्युप पाईप प्रयोग भएको नदेखिदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९९,६१८

३९ **धार्मिक कार्यमा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संलग्न अनुसूची बमोजिमका २६ धार्मिक कार्य वा धार्मिक समुदायसँग सम्बन्धित कार्यमा रु ५६ लाख ५० हजार बजेट विनियोजन गरी रु ५१ लाख ८६ हजार खर्च गरेको छ । पालिकाको आन्तरिक आय तथा दिर्घकालिन दायित्व मुल्यांकन र कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्ने र यसप्रकारका खर्चमा नियन्त्रण गर्नुपदर्छ । साथै पालिकाले २०७७।७।३ को निर्णयानुसार विभिन्न १३ मन्दिरका लागि मासिक रु २ हजारको दरले पुजारीलाई पुजा खर्च भुक्तान गर्ने देखिएको र भुक्तानी समेत मन्दिर व्यवस्थापन समितिलाई नगरी सिधै व्यक्तिलाई दिएको देखिएकोले यसप्रकारका सञ्चालन र व्यवस्थापन खर्च भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको रु

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	दुर्गा मन्दिर मर्मत सम्भार वडा नं. ३	५०००००	५०००००
२	त्रिपुरेश्वर महादेव मन्दिर निर्माण दक्षिण चिल्हारा- वडा नं. ५	४०००००	४०००००
३	शिवालय मन्दिरमा मूर्ति स्थापना वडा नं. ६	३०००००	३०००००
४	पाथीभारा मन्दिर भान्साकोठा निर्माण वडा नं. २	३०००००	३०००००
५	हनुमान मन्दिर निर्माण वडा नं. ४	३०००००	३०००००
६	श्यामटोली महाराजथानमा चौतारा निर्माण	२५००००	२५००००
७	जनता चोक लक्ष्मी मन्दिरमा रेलिङ्ग निर्माण	२५००००	२३८२२४
८	पालिका मठमन्दिर पुजा व्यवस्थापन कार्यक्रम	६०००००	२३५०११
९	दक्षिण चिल्हारा महाराजथान निर्माण	२५००००	२१२९९९
१०	चिल्हारा दिनाभद्री मन्दिरअगाडि महाराजथान निर्माण वडा नं. ५	२०००००	२०००००
११	टुनुबस्तीमा महाराजथान निर्माण वडा नं. १	२०००००	२०००००
१२	नेपाल सन्तमत सत्संग मन्दिर भाकुरमारी शौचालय निर्माण वडा नं. २	२०००००	२०००००
१३	दक्षिण चिल्हारा दिनाभद्री मन्दिरमा रेलिङ्ग निर्माण	२०००००	२०००००
१४	बालुगाउँ चोकमा महाराजथान निर्माण	२०००००	२०००००
१५	श्यामटोली अधुरो महाराजथानमा घेराबेरा निर्माण	२०००००	२०००००
१६	वडा कार्यालय छेउको महाराजथान घेराबारा	२०००००	२०००००
१७	टट्टुवामारी महाराजथानमा माटो पुराइ	१५००००	१५००००
१८	कुटीटोल महाराजथान निर्माण	१५००००	१५००००
१९	दक्षिण टोल देवीगञ्जको अधुरो महाराजथान निर्माण	१५००००	१५००००
२०	तल्लो तेलगानी सन्थाल महाराजथान निर्माण वडा नं. ३	१०००००	१०००००
२१	कमल माझीको घर छेउमा हनुमान मन्दिर निर्माण	१०००००	१०००००
२२	भाकुरमारी महाराजथान घेराबारा साविक वडा नं. ८	१०००००	१०००००
२३	तिला मुर्मुको घर अगाडि सन्थाल जातिको मन्दिर निर्माण	१०००००	१०००००
२४	हरिरा महाराजथान छाना ढलान तथा घेराबारा निर्माण	१०००००	१०००००
२५	ठेकीटोला महाराजथान निर्माण	१०००००	९७०००
२६	मेहताटोल अधुरो महाराजथान निर्माण वडा नं. ६	५००००	३१३९
	जम्मा	५६५००००	५१८६३७३

अनियमित भएको	३,१२,०००

४० **एनसेल टावरदेखि बगाहा चौधरीसम्म सडक कालोपत्रे क्रमागत**

गाँउपालिकाले एनसेल टावरदेखि बगाहा चौधरीसम्म सडक कालोपत्रे क्रमागत निर्माणका लागि ठेक्का नं GRMW/NCB/०२/२०८०/८१ मार्फत निर्माण व्यवसायी बिग वी कोन्सुल्ट एण्ड बिल्डर्स सँग रु.८४९२४९९.४५ (मूल्य अभिवृद्धी कर र पिएस समेत) गरी २०८०।१२।३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।०९।२७ मा सम्झौता भएको छ । यस वर्ष रु.४५४१४०६.०० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

कालोपत्रे वेगर कार्यसम्पन्नः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ (१) सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्नेछ । (२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ । साथै नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने र उपनियम (२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेछ। पालिकाले एनसेल टावरदेखि बगाहा चौधरीसम्म सडक कालोपत्रे निर्माणका लागि निर्माण व्यवसायी २०८० चैत्र मसान्तमा कार्यसम्पन्न गर्नुपर्नेमा समयअवधिमा सम्पन्न गरेको छैन । यस ६४० मिटर कालोपत्रे सडक निर्माणको पालिकाले २०८० असार १८ मा नापी गरी निर्माण व्यवसायीलाई कार्यसम्पन्न वापत रु.४५,४१,४०६.०० भुक्तानी दिएको छ । यस कार्यको ७८ प्रतिशत कार्य प्रगति भएको छ । ठेक्का सम्झौतामा Premix carpet १०२.६३ घ.मि कार्य गर्ने उल्लेख भएको छ । कार्यसम्पन्न प्रतिवेदनमा सो कार्यको भुक्तानी भएको छैन । अतः कालोपत्रे सडकमा Premix carpet कार्य वेगर कार्यसम्पन्न प्रतिवेदन स्वीकार गरेको र निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेमा पालिकाले ७८ प्रतिशत कार्यप्रगतिमा तथा आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य वेगर कार्यसम्पन्न दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४५,५१,४०६

४१ **पुर्व-निर्धारित क्षतिपूर्ति-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले यस सडक निर्माण सम्पन्न गर्नुपर्ने अवधि भन्दा ढिला गरी सम्पन्न भएको छ । अतः गाउँपालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ तथा ढिला गरी कार्य गर्नेलाई उपरोक्त सम्झौतामा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुन आउने पूर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु.

ठेक्का नं	योजना	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रकम (पिएस र मुअकर बाहेक)	सम्झौता भएको	सम्पन्न गर्नुपर्ने मिति	कार्यसम्पन्न भएको	ढिला कार्य दिन	क्षतिपुर्ति रकम
२।०८०।८१	एन सेल टावरदेखि बगाहा चौधरीसम्म कालोपत्रे सडक क्रमागत	विग वी कोन्सुल्ट एण्ड विल्डर्स	८४९२४९९	५१०७८८३	२०८०।९।२७	२०८०।१२।३०	२०८१।३।१४	७४	१८८९९१

असुल गर्नुपर्ने	१,८८,९९१

४२ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.७ देखि ३८.३२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम र ठेगाना	लागत अनुमान रकम	सम्झौता रकम	कैफियत
GRMW/NCB/WORKS/ ०१/२०८०-८१	कुलप्रसाद गिरीको घरदेखि वडा कार्यालयहुँदै चन्द्रबंसीटोलसम्मको सडक कालोपत्रे निर्माण	शेख बिल्डर्स	३५८१४७३	३४०१०५२	५.०४
GRMW/NCB/WORKS/ ०२/२०८०-८१	एनसेल टावरदेखि बगाहा चौधरीसम्म सडक कालोपत्रे क्रमागत	बिग बी कोन्सुल्ट एण्ड बिल्डर्स	८४९२४९९	५७७१९०८	३२.०४
GRMW/NCB/WORKS/ ०३/२०८०-८१	रंगीयाथान महाराजथानदेखि मानसिंह चियापसलहुँदै टुनुबस्तीसम्मको सडक कालोपत्रे निर्माण	कन्केश्वर कन्स्ट्रक्सन प्रा लि	४६४७३५९	३३६२२६२	२७.६५
GRMW/NCB/WORKS/ ०४/२०८०-८१	छहारीचौक चिल्हाराचौक हुँदै जनताचौकसम्म सडक कालोपत्रे आयोजना क्रमागत	अग्रता निर्माण सेवा	७४९१५००	५५२२३२६	२६.२९
GRMW/NCB/WORKS/ ०५/२०८०-८१	दीपक श्रेष्ठको घरदेखि बिनोद कर्मीको घरसम्म सडक कालोपत्रे निर्माण	शिव पाअर कन्स्ट्रक्सन प्रा लि	२०३८२७९	१८४४०१२	९.५३
GRMW/NCB/WORKS/ ०६/२०८०-८१	मदर्शाचौकदेखि दक्षिण मस्जिदपश्चिम मदर्शासम्म कालोपत्रे निर्माण	शिव पाअर कन्स्ट्रक्सन प्रा लि	२६९९२९०	२४५१५१२	९.१८
GRMW/NCB/WORKS/ ०७/२०८०-८१	वडा न ५ मा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण	कन्केश्वर कन्स्ट्रक्सन प्रा लि	४०२१२५९	२७८४३४८	३०.७६
GRMW/NCB/WORKS/ ०८/२०८०-८१	वडा न ३ मा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण	गौरिया कन्स्ट्रक्सन प्रा लि	३८६१९७७	२५९६८८२	३२.७६
GRMW/NCB/WORKS/ ०९/२०८०-८१	वडा नं. ५ कार्यालय कम्पाउण्ड घेराबारा, इन्टरलक, स्ल्याब निर्माण	कन्केश्वर कन्स्ट्रक्सन प्रा लि	३२७६६७१	२२४८१६७	३१.३९
GRMW/NCB/WORKS/ १०/२०८०-८१	गौरीगञ्ज गा.पा.- ६ डिपिआर तयार भएअनुसार बसपार्क निर्माण	गौरिया कन्स्ट्रक्सन प्रा लि	६६१६६३९	४२७०२५६	३५.४६
GRMW/NCB/WORKS/ ११/२०८०-८१	राजबंशी समाज विकास समिति भवन निर्माण क्रमागत	सगरमाथा भगवती कन्स्ट्रक्सन प्रा लि	५५०६८०७	४०७९६२६	२५.९२
GRMW/NCB/WORKS/ १२/२०८०-८१	सन्थाल जातिको लागि विपन्न आवास कार्यक्रम	कन्केश्वर कन्स्ट्रक्सन प्रा लि	१७६२२५६६	१०८६९६८६	३८.३२
GRMW/NCB/WORKS/ १३/२०८०-८१	कृषि सिचाई पोले बिद्युत विस्तार	देशान्तर निर्माण सेवा	९७९४२६५	७६१३०४६	२२.२७
GRMW/NCB/WORKS/	सडक निर्माण वडा नं. २ (एनसेल टावरदेखि हुलाकी	भिभो	२४०५१५५	१६९७१३४	२९.४४

१५/२०८०-८१	राजमार्ग जोड्ने सडक निर्माण, लिम्बुटोल पश्चिम झोलुंगेपूल जाने सडक र सिमसारदेखि हुलाकी राजमार्ग जोड्ने बाटो)	कन्स्ट्रक्सन प्रा लि			
GRMW/NCB/WORKS/ १६/२०८०-८१	गौरीगञ्ज गा.पा.- १ डिपिआर तयार भएअनुसार पशुहाट निर्माण	गौरिया कन्स्ट्रक्सन प्रा लि	३३५०४६५	२६८२३४०	१९.९४
GRMW/NCB/WORKS/ १७/२०८०-८१	खजुरगाछी खानेपानी आपूर्ति आयोजना	गौरिया कन्स्ट्रक्सन प्रा लि	४९१६२८४	३७७५६३८	२३.२
GRMW/NCB/WORKS/ १८/२०८०-८१	पर्वत राजबंशीको घरदेखि पूर्व श्याम ढकालको घरअगाडिको बाटो र पुरानो PHC देखि पूर्व ब्रम्हकुमारी जाने बाटो	आचार्य सोन्स बिल्डर्स एण्ड ईन्जिनियरिङ्ग	३६६८८८१	२४००९६६	३४.५६
GRMW/SQ/WORKS/ ०१/२०८०-८१	गाउँपालिका शाखा/केन्द्र भवन निर्माण	जय बालाजी निर्माण सेवा	१९३९६४८	१९०६६५७	१.७
GRMW/SQ/WORKS/ ०२/२०८०-८१	कमल गा.पा.सँगको साझेदारीमा कल्भर्ट निर्माण	गजबक्रम सापकोटा कन्स्ट्रक्सन प्रा लि	१९११५३६	१६२५२६५	१४.९८
GRMW/SQ/WORKS/ ०३/२०८०-८१	झापा जिल्लाको गौरीगञ्ज गापा वडा नं. ६ को कृषि बजार स्तरोन्नति	जय बालाजी निर्माण सेवा	१९४८६४२	१९०४९८९	२.२४
GRMW/SQ/WORKS/ ०४/२०८०-८१	महभारा खेलमैदान निर्माण	तक्सेल कन्स्ट्रक्सन प्रा लि	१८३७३३३	१७९३५९६	२.३८

४३ **प्रिमिक्समा बढी भुक्तानीः**

सडक विभागको Standard Specification for Road and Bridge Works को सिं.न. १३११ मा प्रिमिक्सको मोटाई २० मीमी हुने उल्लेख छ । गाउँपालिकाले देहायका लम्बाई र चौडाई रहेको कालोपत्रे सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा Standard Specification भन्दा फरक मोटाई राखी परिमाणको भुक्तानी दिएको देखिन्छ । नर्म्स अनुसार निर्माण गर्दा Standard Specification अनुसार प्रयोग गर्नु पर्नेमा नर्म्समा उल्लेख भएभन्दा बढी मोटाई नापजाँच गरी प्रतिघनमिटर देहायको दरले हुने रु.१७९८५७५.०० र मुल्य अभिबृद्धि कर समेत रु.२०३२३९०.०० भुक्तानी दिएकोले थप व्ययभार परेको देखियो । गाउँपालिकालाई थप व्ययभार पर्नेगरी कार्य गराएको नियमित नदेखिएको रु.

ठेक्का नं	योजना	निर्माण व्यवसायी	भुक्तानी दिएको उचाई	भुक्तानी दिनुपर्ने उचाई	फरक	भुक्तानी दिएको		फरक परिमाण	दर	रकम
						लम्बाई	चौडाई			
४।२०८०।०८१	सडक कालोपत्रे	अग्रता निर्माण सेवा	०.०३	०.०२	०.०१	७०२	५.५	३८.४७	१४८००	५६९३५०
१।२०८०।८१	सडक कालोपत्रे	शेख निर्माण सेवा	०.०३	०.०२	०.०१	६९०	४.५	३१.०५	१३०००	४०३६५०
३।२०८०।८१	सडक कालोपत्रे	कन्केश्वर कन्स्ट्रक्सन प्रालि	०.०३	०.०२	०.०१	४२५	४.९	२०.८३	१७०००	३५४०२५
५।२०८०।८१	सडक कालोपत्रे	शिव पाअर कन्स्ट्रक्सन प्रालि	०.०३	०.०२	०.०१	११२	६.५	७.२८	१५०००	१०९२००
			०.०३	०.०२	०.०१	८४	९.१५	७.६९	१५०००	११५२९०
			०.०३	०.०२	०.०१	२३.५	४	०.९४	१५०००	१४१००
६।२०८०।८१	सडक कालोपत्रे	शिव पाअर कन्स्ट्रक्सन प्रालि	०.०३	०.०२	०.०१	४१६	३.५	१४.५६	१६०००	२३२९६०
जम्मा										**१७९८५७५**
मुल्यअभिवृद्धि कर सहित										**२०३२३९०**

अनियमित भएको	२०,३२,३९०

४४ **सडक बत्ती -**

पालिकाले सार्वजनिक सडक बत्तीको मर्मत सम्भारका लागि भनी अमित इम्पेक्सबाट बल्ब तार लगायतका विद्युतिय सामाग्री रु.४८५९९५ मा खर्च गरेको छ ।पालिका भित्रका विभिन्न वडामा आवश्यक परेकोले खरिद गरिएको पालिकाले जनाएपनि वडाबाट कुन कुन सडकमा बत्ती विग्रिएको हो यकिन नगरी खरिद भएको छ । वितरण समेत एउटै वडा सचिवलाई ३ पटकसम्म गरेको देखिन्छ । सडक बत्ती आवश्यकता बमोजिम जडान गर्नुपर्नेमा पालिकाले जनप्रतिनिधीहरुलाई समेत वितरण गरेको देखियो ।यसरी कुन ठाँउका लागि खरिद गरिएको हो यकिन नगरी व्यक्तिगत रुपमा वितरण गर्दा दुरुपयोग समेत हुनसक्ने देखिदा खरिद तथा वितरण गर्दा पालिकाले प्राविधक मुल्याङ्कन गराएर मात्र गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **नापी अनुसार लाग्ने बढी बिल भरपाइको यकिनको स्थिति -**

उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको बिल भरपाई लागत अनुमान तथा नर्म्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा) अस्वभाविक रुपमा बढी विल भरपाई समेत पेश गरेको देखियो । उपभोक्तावाट पेश भएका बिल भर्पाइहरूको कार्यालयबाट नर्म्स अनुसार को गणना तथा परीक्षण भएको देखिएन । प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। नमूना छनोट गरी परीक्षण गर्दा निम्नानुसारको योजनाहरुमा अनुसार लाग्ने बिल भरपाई को तुलनामा बढी बिल भरपाईहरु पेश गर्दा मुल्य अभिवृदी कर रकम बढी परिमाणको बिल राखी राखी पुर्याएको देखिएकोले सो रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

भौ.न./मिति	विवरण	कार्य	परिमाण (घ.मि.)	नर्म्स बमोजिम	बिल बमोजिम	फरक	भ्याट रकम	भ्याट भुक्तानी
७४-२०८०।१।१३	हरिरा आदर्श प्रा.वि. आधारभूत घेराबारा निर्माण वडा नं. ५	ईटा	१४.१३	६१८८	१०४४५	४२१७	२.२८८	9648.496
१८२-२०८१-३-२४	वडा नं.३ कार्यालय घेराबारा तथा सभाहल निर्माण उपभोक्ता समिति	ईटा	२७.७५	१०४०२	३४३००	२३८९८	२.२८८	54678.624
कुल								64327.12

असुल गर्नुपर्ने	६४,३२७.१२

४६ **अमानत खरिद -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानत बाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ जसअन्तर्गत उपनियम १ मा सार्वजनिक निकायले अमानत बाट कार्य गर्दा एक तह माथिको स्वीकृती लिनुपर्ने तथा उपनियम २ मा सार्वजनिक निकायले अमानत बाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने उल्लेख छ ।पालिकामा अमानतबाट कार्य गर्नुपरेको खण्डमा नियमावलीमा व्यवस्था भए बमोजिम निर्माणसम्बन्धी आवश्यक सामग्री खरिद नियम कानून अनुसार उपलब्ध गराई ज्याला मार्फत काम गराउनु पर्नेमा सो व्यवस्थाविपरीत पालिकाले वडा सचिव, कार्यालय सहयोगीहरु तथा अन्य व्यक्तिहरु मार्फत सामाग्री खरिदको भरपाइ तथा डोर हाजिरी संलग्न गरी प्राविधिक मुल्यांकनको आधारमा रकम भुक्तानी दिएको छ । यसरी गरीएको अमानत वापतको भुक्तानीमा अनुगन प्रतिवेदन, कार्य सम्पन्न हुनु पूर्व तथा कार्यसम्पन्न पश्चातको तस्विर लगायतको पुष्टंयाइ समेत भएको देखिएन। यसरी पटके रुपमा गर्नुपर्ने मर्मत अन्य कार्यहरु गर्दा श्रमदान संलग्न नहुने तथा मितब्ययी नहुन सक्ने र सार्बजनिक खरिद नियमकानुनको पालना भएको देखिएन । तसर्थ नियमकानुनको परिपालनामा गरी कार्य गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

भौ.न./मिति	**विवरण**	**रकम**	**भुक्तानी लिनेकोनाम**
९-२०८०।७।२५	सडक बत्ती मर्मत	१६६००	भोजराज अधिकारी वडा न. ५
३७-२०८०।११।६	बाटो मर्मत	९६९२१	सुमन रेग्मी वडा नं.१ सचिव
५१-२०८०।१२।५	माटो खरिद	१०००００	भोजराज अधिकारी वडा नं. ४ सचिव
५२-२०८०।१२।६	वि.ओ.पि.मा तारघेरा	१०००००	अजय कुमार साह वडा नं. २ सचिव
८३-२०८१।१।३०	बाटो मर्मत	२७४११	अजय कुमार साह वडा नं. १
१२४-२०८१-३-१४	ह्युमपाईप खरिद	४६५५३	गोविन्द प्रसाद राजवंशी वडा नं. ५
१२५-२०८१-३-१४	वडा कार्यलयबाट शौचालय जाने बाटोमा वल्क लगाएको	१६७५५	एजिना भट्टराई

४७ **अस्पताल सफ्टवेयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । गौरिगंज आधारभूत अस्पतालका लागि अनलाइन डिजिटल इन्ट्री गर्ने सफ्टवेयर निर्माण कार्यका लागी कोटेशन माग भएकोमा मिडास टेक्नोलोजिज काठमाडौंसँग मु.अ.कर सहित रु.९९५००० सम्झौता भएको छ । पालिकाले कोटेशन माग गर्दा detailed description खुलाएर माग गरेकोमा एकमुष्ट रकम सहित कोटेशन पेश भएको देखिन्छ । खरिद सफ्टवेयरको स्पेशिफिकेश तथा भर्सनको प्राविधक मुल्याङन छैन । पालिकाले बार्षिक नविकरण शुल्क वापत २० प्रतिशत रकम तिर्नुपर्ने गरी खरिद भएकमा देखिदा यसरी आधारभूत अस्पतालको लागि कोटेशनमा सफ्टवेयर खरिद कार्य प्रतिस्पर्धी नदेखिएको र प्राविधिक चेकजाँच नगरी सञ्चालन गरेको तथा सफ्टवेयर

खरिद तथा जडान पूर्व सूचना प्रविधि विभागबाट स्वीकृति लिएको नदेखिदा खरिदमा अधिक प्रतिस्पर्धा गराएरमात्र खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४८ **टुक्रा खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले नगर अस्पतालको संचालनको लागि विभिन्न सामाग्री खरिद गर्दा पटक पटक गरी ट्क्राएर गरेको देखिदा एउटै स्थानको तोकिएको कार्यलाई समेत ट्क्राएर खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

भौ.न.	विवरण	खरिद सामाग्री	आपुर्तक	भुक्तानी रु
२७-२०८०।१०।४	नगरअस्पताल संचालनको लागि सामाग्री खरिद	ब्राण्डेड कम्प्युटर - ९ थान	एन.के.सप्लायर्स विर्तामोड	९७०२००
		ब्राण्डेड मोनिटर - ९ थान		
		लेजर प्रिन्टर - १ थान		
		थ्रि ईन वान प्रिन्टर १ थान		
२८-२०८०।१०।४	नगरअस्पताल संचालनको लागि सामाग्री खरिद	५ के.भि.ए.अनलाईन यु.पि.एस	कम्प्युटर सोलुसन विर्तामोड	७९२०००
		१६० एम्पियर व्याट्री		
		१५ के.भि.ए.स्टेप्लाइजर		
कुल जम्मा				१७६२२००

अनियमित भएको	१७,६२,२००

४९ **फरक सामाग्री भुक्तानी** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।त्रिपुरेश्वर महादेव मन्दिर निर्माण दक्षिण चिल्हारा- वडा नं. ५ उपभोक्ता समितिलाई रु.४००००० भुक्तानी भएको छ । उपभोक्ता समितिलाई लागत अनुमान तथा दररेट विश्लेषण बमोजिम ओपिसी सिमेन्टको मुल्य राखी सोहि बमोजिम भुक्तानी गरेकोमा संलग्न बिल भरपाईमा पिपिसी सिमेन्ट पेश भएको देखिदा दररेट र बास्तविक बिल भरपाई बमोजिम रकम फरक पारी भुक्तानी भएको छ ।अत ओपिसी सिमेन्ट प्रतिवोरा ७४५ र पिपिसी सिमेन्टको ६२० रहेको देखिदा प्रतिबोरा रु.१२५ बढी रकम राखी रकम भुक्तानी भएको देखिदा २०० बोरामा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,०००

५० **सन्थाल जातिको लागि विपन्न आवास कार्यक्रम**

गाँउपालिकाले यस पालिका अन्तर्गत सन्थाल जातिको लागि विपन्न आवास निर्माण कार्यक्रमका लागि ठेक्का नं GRMW/NCB/WORKS/-१२/२०८०/८१ मार्फत निर्माण व्यवसायी कन्केश्वर कन्स्ट्रक्सन प्रा.ली.सँग रु.१०८६९६८६।३९(मूल्य अभिवृद्धी कर समेत)मा २०८१।२।३२ निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।१०।१४ मा सम्झौता भएको छ । यस वर्षमा कार्यवापत रु.८८,२१,४४०.०० भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५०.१ **निर्माणस्थलको व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ । उल्लेखित सन्थाल जातिको लागि विपन्न आवास निर्माण कार्यक्रमका लागि सम्झौता

भएकोमा निर्माणकार्यको वोलपत्र आव्हान गर्नपुर्वनै निर्माण स्थलको व्यवस्था गर्नुपर्नेमा लाभग्राहीको पहिचान गर्नुपर्ने, माग र आवश्यकताका आधारमा पहिचान गर्नुपर्ने, संख्या एकिन गर्नुपर्ने कार्य समेत वेगर वोलपत्र आव्हान गरेको देखियो । सम्झौतामा यस गाउँपालिकाको वडा नं २ को सन्थाल जाती र दर्ता जग्गा भएको व्यक्तिहरुको ३२ वटा घर निर्माण गर्नुपर्ने उल्लेख छ । यस आवमा २३ घर निर्माण कार्यसम्पन्न भएको ७ घर निर्माणाधिन अवस्थामा रहेको र बाँकी २ घर निर्माण स्थल अभावमा नवन्ने देखिन्छ । पालिकाले उल्लेखित पक्षहरुलाई मध्यनजर गर्दै निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

५०.२ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१।२।३२ मा सम्पन्न गर्नुपर्ने म्याद थप गरी २०८१।५।३१ सम्ममा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म सम्पुर्ण निर्माण कार्य गरी विल पेश गरेको छैन । निर्माण कार्य सम्पुर्ण भौतिक प्रगति भएकोता पनि कार्यसम्पन्न प्रतिवेदन जारी गरेको देखिदैन । निर्माण व्यवसायिले सम्झौताका वखत पेश गरेको निर्माण कार्यतालिका वमोजिम निर्माण कार्य नगर्दा समेत कार्यालयवाट कुनै पत्राचार समेत भएको देखिदैन। भुक्तानीका लागि वजेटको व्यवस्थापन गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष ७२ जनालाई औसत ५४ दिनले १०० दिन रोजगारी उपलव्ध गराई रु.२६३०२४६.०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५२ **कृषि सिचाई पोल**

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना/कार्यक्रम प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, र लागत सहभागिता लगायतलाई उल्लेख गरेको र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत विगतदेखी कृषि तथा सिचाईका लागि पोल विस्तार र विद्युतिकरणका लगायतका कार्यक्रममा संलग्न विभिन्न शिर्षकमा आर्थिक वर्ष २०८०।८१ सम्म रु १ करोड ९ लाख भन्दा बढी बजेट विनियोजन गरी ८३ लाख १२ हजार खर्च गरेको छ ।



पालिकासँग विपन्न नागरिकको अभिलेख नरहेको, कार्यक्रमहरु साना र वितरणमुखी योजनाका रुपमा सञ्चालन हुने गरेको, कृषकहरुको मिटर बमोजिमको बिल भुक्तान गर्ने गरेको, लाभग्राहीको तथ्यांक वा अभिलेखका आधारमा दोहोरो लाभ प्राप्त हुने नहुने यकिन गर्न सक्ने

आधार छैन । पालिकाले यसप्रकारका कार्यक्रम सञ्चालन गर्दा वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी आवश्यकता मुल्यांकन गरी सो को पृष्ठपोषणका आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

आ व	बजेट	खर्च
२०७६।७७	८४०००००	४४६७८५७
२०७७।७८	३८०००००	२१७९६९१
२०७८।७९	६६८२०००	५१४३७८
२०७९।८०	१५१९९११०	६३०८२२३
२०८०।८१	१०९०००००	८३१२४३४
जम्मा	४४९८१११०	२१७८२५८३

५३ **चालु/प्रशासनिक खर्च नियन्त्रण -**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :



पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ। त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

५४ **मसलन्द तथा कार्यालय सामाग्री –**

कार्यालय सञ्चालनको लागि पालिकालाई वर्ष भरमा आवश्यक पर्ने सामनाको वर्गिकरणको विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटकपटक सोझै बजारबाट खरिद गरी रु.२६ लाख ११ हजार २ सय ५४ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शूरुमा नै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपुर्तिकर्ता छनौट गरी खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

५५ **इन्धन खर्चको मापदण्ड** -

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी एम्बुलेन्स १, ट्याक्टर १, स्कार्पियो १ र मोटरसाइकल १९ लगाएतका सवारी साधनमा कुल रु.२७ लाख ९९ हजार ७ सय खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५६ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.१ करोड ६० लाख ११ हजार ३ सय ४ को तुलनामा करिव २९.११ प्रतिशत अर्थात रू.४६ लाख ६१ हजार ९ सय १२ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्वेश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

५७ **विविध कार्यक्रम खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले पालिकाको खर्च व्यवस्थापनसँग सम्बन्धित निम्नानुसारका व्यहोरामा उल्लेखित विवरण वा कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु

भौ न र मिति	खर्चसँग सम्बन्धितव्यहोरा	रकम
३२५-१। ३०	वडा नं ६ वडाध्यक्ष बद्रिनारायण यादवलाई ईलाम र भद्रपुरको अदालतको काममा जाँदा रु ४४०४४ खर्च भुक्तान गरेको रु ४०२०० को बिल भरपाई मात्र समावेश देखिएकोले बढी भुक्तान भएको रकम असुल गर्नुपर्ने	३८४४
३२४-१। ३०	गौरिगञ्ज मिडियालाई रु १७५००० वडा न ६ को ज्येष्ठ नागरिक सम्बन्धित र वडा नं १ को वडा गतिविधि भिडियो डकुमेन्ट्री निर्माण गरी भुक्तान गरेको देखिएकोमा दुवै कार्यक्रमको समयावधि उक्त कार्यक्रम प्रकाशन र प्रशारणका लागि पालिकाको वेवसाईट लगायतमा सार्वजनिकिकरण गरेको नदेखिएको रु	१७५०००
३२२-१। २६	नेशनल टेक्निकल इन्स्टिच्युट प्रालीलाई मेलमिलापकर्ताको लागि पुनर्ताजगी तालिमका लागि रु २४९७३० भुक्तान गरेकोमा कार्यक्रमको व्यानर र प्रतिवेदनमा पालिकाका जनप्रतिनिधी र कर्मचारीको क्षमता अभिवृद्धि शिर्षक कायम गरि भुक्तान गरेको उपयुक्त देखिएन । सम्झौतामा तोकिएबमोजिम तोकिएको कार्य क्षेत्रगत शर्तका आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।	०
३३१-२।१	विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्च (मावि वाहेक) स्वरुप विभिन्न २२ विद्यालयलाई रु ९ हजारका दरले समानीकरण अनुदानबाट सञ्चालन अनुदान अन्तर्गत खाजा खर्च बिजुली बिल लगायत मसलन्दमा थप खर्च भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु	१९८०००
	जम्मा	३७६८४४

उपरोक्तानुसारका भौचर र खर्च परिक्षण नमुनाका आधारमा भएको र यसप्रकारको अवस्था अन्य भुक्तानीमा समेत रहेको सम्बन्धमा पालिकाले खर्च र सो को पुष्ट्याई हुने कागजात संलग्न गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

प्रमाण पेश नगरेको	३,७६,८४४

५८ **दुःखको साथी भरोसा राखौं गाउँपालिका माथि कार्यक्रम** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले मृत्यू भएका परिवारलाई काजकिरीयामा सहयोग पुगोस भनी प्रति व्यक्ति रु. १०००० का दरले यस आ.ब.मा रु.२६३९०००० भुक्तानी भएको छ । वडा सचिवले पेश्की लिएर वितरण गर्ने कार्यक्रममा सम्बन्धित परिवारले रकम बुझेको भरपाई संलग्न गरेको देखिन्छ । संलग्न कागजात हेर्दा गत आ.ब.मा मृत्यू भएका परिवारलाई समेत रकम वितरण भएको देखियो । यस आ.ब.मा वडागत रुपमा कति जनालाई रकम बितरण गरिएको हो नामावली तयार गरेको देखिएन । वितरण रकमको आधारमा यस आ.ब.मा २६३९ जनालाई रकम बितरण भएको देखिदा निजहरुको नामावली पालिकाले आफ्नो वेवसाईटमा समेत राखी दोहोरो नपर्ने सनिश्चित गर्नुपर्दछ ।

५९ **मोटरसाईकल खर्च रकम** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । सरकारी खर्च मापदण्डमा सरकारी खर्च गर्दा मितव्ययी र प्रभावकारी रुपमा खर्च गर्नुपर्ने उल्लेख गरेको देखिन्छ । पालिकाले विभिन्न मितिमा निजी नम्बर प्लेटका सवारीको मर्मत गरी रकम भुक्तानी गरेको छ । पालिकाले नियमित कार्यमा प्रयोग भएका सवारीको मर्मत गरेको जनाएपनि सो पुष्टि हुने अभिलेख राखेको नदेखिदा कार्यसञ्चालन निर्देशिका विपरीत निजी नम्बरको सवारीमा खर्च गर्ने प्रवृतीको अन्त्य गर्नुपर्दछ । यसरी भएको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

भौ.न.	सवारी नं.	भुक्तानी रु
२७	मे ११ प ७१२६	१३५७५
३	प्र.-१-०१—०१३ प- ४३९९	६९००
११८	००१-०९१७ नम्बर पुरै नखुलेको	१६०२६
१२५	प्र.१-०१-०१२ प – ५१३२	१८८५५
कुल		५५३५६

अनियमित भएको	५५,३५६

६० **विद्युतमा जरिवाना -**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २१ मा विजुली पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमा भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।पालिका तथा अन्तर्गतका कार्यालय तथा सडक बत्तीको महशुल वापतको रकम प्रत्येक महिना समयमा नै भुक्तानी गरी छुट लिनुपर्नेमा बजेट हुदा हुदै समेत बिलम्ब गरी २५ प्रतिशत जरिवाना वापत रु.१६८१६ विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखियो यसरी समयमा नै विद्युत महशुल नबुझाउने पालिकाको प्रवृतीमा सुधार गरी छुट पाउने समयमा नै भुक्तानी लिनेतर्फ पालिकाले ध्यान दिनपर्ने देखिन्छ ।

क्र.स.	बिल नं	विद्युत महशुल	जरिवाना प्रतिशत	जरिवाना रकम
१	श्रावण	१०४२५	२५	२६०६
२		४८१२७	२५	१२०३१
३		४१५४		१०३८
४	भाद्र	२२८३२	२५	११४१

६१ **महशुल र वक्यौता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने तथा नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले यस आर्थिक वर्षमा विद्युत महशुल, पानी र सञ्चारमा निम्नानुसार रु २८००३६६।६६ खर्च गरेकोमा महशुल भुक्तान गर्दा रि प्रिन्ट कपि पनि रहने गरेको कारण दोहरो रसिद समावेश भई भुक्तान भए नभएको यकिन गरी पेश गर्नुपर्ने देखिएको तथा बक्यौता भुक्तानी लगायतमा जरिवाना भुक्तान गरेको नियमसम्मत नदेखिएको व्यहोरा औँल्याईएकोमा चालु आ.व.मा सुधार भैसकेको र सुधार गरी भुक्तान गरिएको कार्यालयले जनाएको छ ।

क्र.सं.	खर्चको शिर्षक	विनियोजन	खर्च
१	सार्वजनिक सडक बत्तीहरुको मर्मत सम्भार सेवा शुल्क तथा महसुल सामाग्री व्यवस्थापन	१३०००००.	१२०८३००.
२	संचार महसुल	५०००००.	१०३९००.
३	सडक बत्ती महसुल थप	५०००००.	१०००००.
४	वडा नं. ५ सार्वजनिक स्थानमा फ्रि वाइफाइ जडान महसुल	६५०००.	६५०००.
५	पानी तथा बिजुली (गाउँपालिका तथा वडा कार्यालय अस्पताल तथा स्वास्थ्य चौकीहरुको)	१५०००००.	१३२३१६६.७३
	जम्मा	३८६५०००.	२८००३६६.७३

अत: यसप्रकारका बिल भुक्तान गर्दा सम्बन्धित महिना र सेवा प्रदायको सक्कल बिजक सहित रकम भुक्तान गर्ने व्यवस्था गर्नुका साथै पालिकाले विद्युत वक्यौता भुक्तानी गर्न नसकि बक्यौता र जरिवाना बढ्दै गएको तथ्यलाई दृष्टिगत गरी सडक वत्ति जडानको आधिकारिकता, आवश्यकता र खर्चको श्रोत सुनिश्चित गरि मितव्ययी तवरले खर्च व्यवस्थापन गर्नुपर्दछ ।

६२ **बढी भुक्तानी** - (6-२०८०-५-७):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले कर्मचारी तालिम शिर्षकबाट सुमन थापालाई रु.४३२००।–भुक्तानी भएको छ। जसमा स्वास्थ्यकर्मीलाई तालिम कार्यक्रम संचालन गर्दा प्रशिक्षक खर्च वापत रु.१८६०० भुक्तानी भएको छ। एउटै प्रशिक्षकले एक दिन दुई भन्दा बढी कक्षा संचालन गरेको भनी रकम भुक्तानी भएको देखियो । प्रदेश खर्च मापदण्ड बमोजिम एक दिनमा एक प्रशिक्षकले अधिकतम २ कक्षा र प्रतिसेसन रु.२५०० का दरले २ दिनको रु.१०००० भुक्तानी गर्नुपर्नेमा खर्च मापदण्ड विपरीत बढी रकम भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको रु.८६०० मा करकट्टी गरेको रकम घटाई बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्नै रु.

असुल गर्नुपर्ने	७,४८२

६३ **बैठक भत्ता** - (26-२०८०-५-२८):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । बैठक भत्ता वापत पदाधिकारीलाई भुक्तानी गर्दा निम्न पदाधिकारीलाई उपस्थित नभएको बैठकको समेत गणना गरी भत्ता भुक्तानी गरेको देखिदा उपस्थिती नभएको बैठक भत्ताको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

सि.न.	नाम थर	संख्या	दर	रकम
१	किनालाल राजवंशी	२ बैठक	१०००	२०००
२	श्रवण गिरी	१ बैठक	१०००	१०००
३	विजय प्रसाद सिंह	१ बैठक	१०००	१०००
४	राम बहादुर राजवंशी	१ बैठक	१०००	१०००
कुल				५०००

असुल गर्नुपर्ने	५,०००

६४ **सूचना प्रकाशन -**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।विज्ञापनमा छुट/सहुलियत नलिएको गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौँले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको ०७०।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्र वाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा विज्ञापनमा २० देखि ३५ प्रतिशत समेत छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । पालिकाले विभिन्न राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरेको खर्च विभिन्न एडभरटाईजिङ्ग कम्पनीलाई संलग्न अनुसूचीबमोजिम भुक्तानी गरेको देखिन्छ । चालु आर्थिक वर्ष २०८१।०८२ मा ३० प्रतिशतसम्म छुट लिने गरिएको छलफलमा उल्लेख भएको छ । सरकारी सूचना प्रकाशनमा दिईने तोकिएबमोजिमको छुट प्राप्त नगरेको नियमसम्मत नदेखिएको रु.

भौ.न.	मिडिया हाउस	बिल रकम	छुट		फरक रकम
			दिएको	दिनुपर्ने	
११२	कान्तिपुर मिडिया सर्भिस	४६८००	७०२०	११७००	४६८०
१२३	मकालु एडभरटाइजिङ्ग प्रा.ली.	२४५०००	३६७५०	६०७५०	२४०००
१२३	मकालु एडभरटाइजिङ्ग	१९६०००	२९४००	४९०००	१९६००
कुल जम्मा					४८२८०

अनियमित भएको	४८,२८०

६५ **माछा पोखरी** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सम्झौता अनुसार सार्वजनिक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच तथा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादन लगायतको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माछापोखरी निर्माणमा ५० प्रतिशत अनुदान कार्यक्र संचालनको लागि ४ जना कृषकले पोखरी निर्माण गरेको भनी रु.२००००० भुक्तानी भएको छ । सूचनामा न्यूनतम जग्गा भएका कृषकले आवेदन पेश गर्न सक्ने व्यवस्था बमोजिम निवेदन पेश भएकोमा निजहरुको जग्गा जमिनको स्वामित्व खुल्ने प्रमाण कागज संलग्न नगरी कार्यक्रम संचालन भएको छ । पोखरी मास्न र दुरुपयोग गर्न नहुनेमा कार्यसम्पन्न भएपश्चात पोखरीको प्रयोग भए नभएको सम्बन्धमा अनुगमनलाई प्रभावकारी बनाई अनुदान रकमको प्रभावकारिता अभिवृद्धितर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६६ **खर्चको पुष्ट्याईं** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिका निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याईं गर्ने प्रमाण कागज संलग्न नगरी खर्च लेखेको देखिदा प्रमाण कागजात पेश हुनुपर्ने रु .

गौ. भौ. न	कैफियत	रकम रु
३	राष्ट्रिय प्रा.वि.को पुरानो भवन साईट क्लियरेन्स वापत रु.२७०००० भुक्तानी भएको छ । पुरानो भवन भत्काउदा सो मा रहेको जस्तापाता र काठजन्य सामाग्री आम्दानी विवरण पेश भएको नदेखिदा आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने रु.	२७००००
	चन्द्रकला कोइरालालाई भुक्तानी गर्दा आवश्यक प्रमाण कागज संलग्न नगरी रु.४३२०० भुक्तानी भएको छ । के प्रयोजनको लागि भुक्तानी भएको हो प्रमाण पेश हुनुपर्ने रु.	४३२००
२५	पालिकाले लोटस प्रिन्टलाई रु.१७४९० भुक्तानी गरेकोमा छपाई वापतको बिल जुपिटर ग्राफिक्सको फोटोकपी बिल रहेको देखिदा फरक संस्थालाई भुक्तानी भएको सम्बन्धमा यकिन गरी सम्बन्धित संस्थालाई भुक्तानी भएको प्रमाण पेश हुनुपर्ने रु.	१७४९०
२८	अस्पताल सर्जिकल सप्लायर्सको सामाग्री ढुवानी कार्यका लागि रु.३३९४४ भुक्तानी भएकोमा सर्जिकल सामाग्री कहाँबाट प्राप्त गरि ढुवानी गरेको हो हस्तारन्तरण फारम लगायतको विवरण नराखी भुक्तानी भएको देखिदा प्रमाण पेश	३३९४४
४७०	खानेपानी तथा पत्रपत्रिकाका कार्यक्रम वापत बिराट सामुदायिक अध्ययन केन्द्रलाई रु. ३ लाख भुक्तानी भएकोमा पेश्की फर्छौट गरी बाँकी रकम भुक्तानी गरेकोमा सो संलग्न कागजात संलग्न नरहेको र माग गर्दा समेत पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.	३०००००
४३५	डस्टबिन खरिद वापत वडा नं. १ का अजय कुमार साहलाई रु.४०२२३ भुक्तानी भएको छ । ३५ थान डस्टबिन प्रयोग भएकोमा सो कहाँ प्रयोग भयो प्रमाण कागज संलग्न नगरी खर्च गरेको देखिदा प्रमाण कागज पेश हुनुपर्ने रु.	४०२२३
	जम्मा	७०४८५७

प्रमाण पेश नगरेको	७,०४,८५७

६७ **सोझै खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । पालिकाले निम्न तालिम संचालन गर्दा रु. १ लाख भन्दा बढीको खरिदमा समेत सोझै खरिद गरी नमस्ते टेक्निकल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी प्रा. लि.लाई रु.६००००० भुक्तानी गरेको देखियो । जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको छ ।

भौ.न./मिति	संस्था	कार्य विवरण	भुक्तानी रकम	कैफियत
५४-२०८०।६।१९	नमस्ते टेक्निकल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी प्रा. लि.	हार्पिक,फिनेल र साबुन उत्पादन गर्ने तालिम	१७००००	
८३-२०८०।५।२६	नमस्ते टेक्निकल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी प्रा. लि.	मकैको खोष्टाबाट फुल निर्माण सम्बन्धि तालिम	२०००००	कोटेशन माग नगरी सोझै खरिद
८९-२०८०।६।२९	नमस्ते टेक्निकल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी प्रा. लि.	प्रारम्भिक उपचार सामाग्री वितरण कार्यक्रम	२३००००	दलित वर्गको कार्यक्रम सहयोगी नेपाल संस्थाले गरेकोमा सो रकम समेत नमस्ते टेक्निकललाई भुक्तानी भएको । Dressing set, First Aid Box तथा थर्मोमिटर खरिद कार्य
जम्मा			६०००००	

· सार्वजनिक खरिद ऐन बमोजिम रु.१००००० भन्दा माथीको खरिद कार्यमा प्रतिस्पर्धा नगरी सोझै खरिद खरिद गरेको देखियो । कोटेशन नगरी सोझै खरिद गर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्बेबार बनाउदै खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

· सिप बिकास सम्बन्धी तालिमका लागि निश्चत समय तथा कार्यदिन लाग्नेमा हर्पिक फिनेल र साबुन बनाउने तालिम संचालनको अवधी ३ दिनमात्र रहेकोले छ ।तालिम संचालनका लागि आवश्यक सामाग्री वापत रु.१२७४०० भुक्तानी भएको छ । ३ दिन संचालन

भएको तालिमका लागि कति सामाग्री चाहिने हो सो को लागत अनुमान तयार गरिएको छैन र निर्माण भएको सामाग्रीको उपयोगिताको सुनिश्चितता भएको देखिएन ।

उपस्थिती संख्या ३४ जनामात्र उल्लेख गरी सहि छाप गराएको छ मिति उल्लेख गरेको नदेखिदा कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

अनियमित भएको	६,००,०००

६८ **प्रमाण कागज पेश** - (122-२०८०-८-१५):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।पालिकाले मेशनरी औजार शिर्षकबाट तुलसी तिम्सिनालाई ल्यापटप बिग्रिएको भनी पशुपती टेन्ट हाउस एण्ड भिडियो सुटिङ्गबाट SSD ५१२ लगायतका सामाग्री खरिद वापत रु.१५७४० भुक्तानी भएको छ । कुनै माग फारम तथा दाखिला प्रतिवेदन बेगर आवश्यक प्रमाण कागज संलग्न नराखी टेन्ट हाउसबाट सामाग्री खरिद गरेको बिलमात्र राखी भएको भुक्तानी रकम असुल गर्नुपर्ने भनि औँल्याइएकोमा दाखिला गरेको प्रमाण पेश गरेको छ ।

६९ **सम्झौता भन्दा बढी भुक्तानी** - (121-२०८०-८-१४):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।पालिकाले वडा नं.१ मा २ महिने एडभान्स सिलाई तालिम वापत वडा सचिव सुमन रेग्मीलाई रु.६०००० भुक्तानी गरेको छ । जसमा प्रशिक्षकको आवश्यक प्रमाण कागजात संलग्न नगरी भुक्तानी भएको देखिन्छ । मिति २०८०।४।२० मा सम्झौता गर्दा प्रशिक्षकलाई मासिक रु.१५००० दिने गरी सम्झौता गरी भुक्तानीमा मासिक रु.३०००० का दरले भुक्तानी गरेको देखिन्छ । सहभागीको हाजिरी नभएको र कार्यक्रमको प्रशिक्षकको सम्बन्धमा सम्झौता विपरीत बढी रकम भुक्तानी भएको देखिदा बढी भुक्तानी दिने सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

७० **सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । पालिकाले नगर अस्पतालको लागि १० प्रकारका विद्युतिय सामाग्री खरिद वापत पाथिभरा सप्लायर्स एण्ड मर्मत केन्द्रलाई रु.७०९४० भुक्तानी भएको छ । पुन ब्रदर्श रेफ्रिजेनेशन गौरीगंजबाट Led बल्ब १८ बाटको १०३ थान सहित अन्य १२ प्रकारका विद्युतिय सामाग्रीको रु.७७२४० मा खरिद गरी रकम भुक्तानी भएको देखिन्छ । पावर सकेट एउटै स्पेशिफिकेशनको (सिंगल पावर) खरिदमा पाथिभरा सप्लायर्सबाट रु.३२० मा र बदर्शबाट रु.२३० मा खरिद गरी एक पिसमा रु.९० फरक गरी भुक्तानी गरेको छ । भुक्तानी सम्बन्धित फर्मलाई नगरी कर्मचारीलाई भएको छ । एउटै प्रकृतिका कार्यहरूको सम्भावित प्याकेज तयार नगरी एउटै प्रकारको सामान समेत टुक्राटुक्रा गरी खरिद गरेको देखिदा प्राविधिकबाट लागत अनुमान तयार गरी जिल्ला दररेटका आधारमा प्रतिस्पर्धात्मक विधिबाट सामाग्री खरिद गरी सम्बन्धित फर्मलाई भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७१ **सम्झौता बिपरीत भुक्तानी** - (467-२०८१-३-२४):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ ।बालमैत्री गाँउपालिका निर्माण वापत विराट सामुदायिक अध्ययन केन्द्रलाई रु.६६५७०० भुक्तानी भएको छ । जसमा बालमैत्री सम्बन्धी आवश्यक कार्यविधी निर्माण वापत ११०६००।– भुक्तानी भएकोमा कार्यविधी पेश भएको देखिएन । साथै घरधुरी सर्वेक्षण गर्ने भनी सम्झौता भएकोमा घरधुरी सर्वेक्षण नभएको, स्थानीय सहजकर्ता परिचालन बापत रु.१८०००० भुक्तानी भएकोमा सहजकर्ता छनौट के कसरी भयो कुनै कागजात संलग्न भएको देखिदैन । सम्झौता बमोजिम मिति २०८०।३।१५ भित्र कार्यसम्पन्न गर्नुपर्नेमा सो समयमा कार्य सम्पन्न नगरेको र म्याद थप समेत नगरी कार्य गर्दा

समेत पालिकाले कुनै ताकेता गरेको देखिएन । अत: सम्झौता गर्दा उल्लेख गरेको कार्यहरु नगर्दा समेत भुक्तानी दिने प्रवृतीमा सुधार गर्दै बालमैत्री सम्बन्धी कार्यविधी निर्माण तथा स्वीकृती भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,९०,६००

७२ **बर्षान्तमा खरिद** -

पालिकाले बार्षिक खरिद योजना बमोजिम समयमा नै खरिद गर्नुपर्दछ । विभिन्न कार्यालय सामाग्रीहरु विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ ।आवश्यकता विना बजेट फ्रिज हुन नदिने उदेश्यले बर्षान्तमा खर्च गर्ने पालिकाको सुधार गर्नुपर्दछ । केही उदाहरण

भौ.न.	फर्मको नाम	विवरण	संख्या	एकाई	रकम
४७२	चन्द्रगढी सप्लायर्स	जेलपेन	४००	वटा	१३९९३०
		डटपेन	१०००	वटा	
		डायरी	४००	वटा	
		परमानेन्ट मार्कर	३००	वटा	
		बोर्ड मार्कर	३००	वटा	
४४५	पानस सप्लायर्स एण्ड ट्रेडर्स	हाजिरी रजिष्ट्रर	१५	थान	१५४८८५
		डायरी	१००	वटा	
		डटपेन	५००	थान	
		फायल	५००	थान	

७३ **साझेदारी वापतको रकम बढी भुक्तानी** - (430-२०८१-३-२२):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले खेती योग्य जमिनको आली घटाउ उत्पादन बढाउ ५० प्रतिशत साझेदारी कार्यक्रमको संचालन वापत उपभोक्ता समितिलाई रु.३५९१३५ भुक्तानी गरेको छ । उपभोक्ता समितिले लागत सहभागिता वापतको रु.१८०००० पालिकामा जम्मा गरेको नगदी भौचर समेत पेश भएको छ । पालिकाका प्राविधिकले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन बमोजिम कुल रु.१७९४५० को कार्य भएकोले सो रकम भुक्तानी दिनुपर्नेमा रु.१६९६८५ बढी भुक्तानी गरेको छ। लागत सहभागिता वापत पालिकामा दाखिला भएको रकमबाट रु.८९७२५ कट्टा गरी बढी भुक्तानी भएको रु.७९९६० मा करकट्टी वापतको रु.९९६० घटाई रु.७०००० बढी भुक्तानी भएको देखिदा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७०,०००

७४ **कार्यक्षेत्र बाहिर काम** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो पालिका भित्रको कार्यक्षेत्र भित्र नपर्ने सडकमा निम्न कार्य गरी रकम भुक्तानी गरेको छ । अन्य निकायको कार्यक्षेत्रमा पर्ने संरचनामा खर्चगर्दा दोहोरो हुनुसक्ने तथा स्रोत र साधनको दुरुपयोग हुने देखिएको र सो सडक पालिका अन्तर्गत नपरी संघीय सडक अन्तर्गत परेको देखिदा यस्ता कार्यमा समन्वय गरी कार्य गर्नुपर्दछ । कार्यक्षेत्रभन्दा बाहिर भएको खर्च रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

भौ.न./मिति	विवरण	रकम
४३०-२०८०।३।२२	हुलाकी सडक डिभाइडरमा वृक्षारोपण कार्यक्रम अन्तर्गत रड वेल्डिङ्ग लगायतका कार्य गरेको देखियो ।	१५००००

अनियमित भएको	१,५०,०००

७५ **उपभोक्ता समिति मार्फत कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• पालिकाले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

• कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• पालिकाले उपभोक्ता समितिलाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७६ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति -**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय निकायले समयमा नै योजना सम्झौता गरि सम्पन्न गर्नुपर्दछ । गाँउपालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरि समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.ब २०८०।०८१ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुत्तानी भए , अद्यावधिक कार्य कति छ सोको अभिलेख पालिकाले राखेको छैन । पालिकाले सडक निर्माण, सडक मर्मत , सिचाँइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्वन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामि वर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी

परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । गाँउपालिकाले तर्जुमा गरेको योजना कार्यान्वियन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

७७ **लागत अनुमान तथा दर बिष्लेषण -**

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागत अनुमान तयार गर्दा सडकका लागि सडक विभागको र भवनको लागि भवन विभागबाट जारी भएको नर्म्सको प्रयोग गरी निर्माण सामाग्री लगायत स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

७८ **नापी किताब प्रबिष्टी एवं अभिलेख -**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

७९ **स्थलगत निरीक्षण -**

गाँउपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा केवल संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । भौतिक पुर्बाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

८० **कन्टेन्जेन्सी खर्च -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको ३ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा

अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन।

८१ **डोर हाजिरी** -

गाँउपालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

८२ **यातायात सुविधा** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । गाँउ तथा नगरसभा सद्सयहरुको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसुची १ मा यातायता खर्च बापत वडाध्यक्षलाई मासिक रु.४००० भुक्तानी दिने व्यवस्था रहेको छ । ऐनको दफा ८ (३) मा यातायात सुविधा प्राप्त गर्ने पदाधिकारीले यातायात खर्च नपाउने व्यवस्था रहेकोमा पालिका निम्न पदाधिकारीले सवारी साधन प्रयोग गरेको उल्लेख भएकोमा वडाको लागि पालिकाले कार्यालय संचालनमा छट्याएको बजेटमध्येबाट मर्मत लगाएतका खर्च लेख्ने गरेको देखिएको सम्बन्धमा छलफल गर्दा वडाको दैनिक कार्यसंचालनको क्रममा वडाध्यक्ष र कर्मचारीले आवश्यकता अनुसार प्रयोग गर्ने गरिएको जानकारी प्राप्त भएको छ । यस प्रकारका खर्चमा दोहोरो भुक्तानी नहुने व्यवस्था सहित ईन्धन, मर्मत र मसलन्द खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.

क्र.स.	नाम थर वडा	वडा	दर	महिना	कुल	कैफियत
1	बद्री नारायण यादव	वडाध्यक्ष६ नं.	४०००	१२	३६०००	मे.१ ब ६५७
२	कार्तिकलाल राजवंशी	वडाध्यक्ष१ नं.	४०००	१२	३६०००	मे.१ब ६५१
३	श्रवणगिरी	वडाध्यक्ष२ नं.	४०००	१२	३६०००	मे.१ब ६५२
जम्मा					१०८०००	

अनियमित भएको	१,०८,०००

८३ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि तोकिएबमोजिमको अवधि वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले निम्नानुसारका फर्मसँग रु ८३८७८६४ को औषधि (सर्जिकलसमेत) खरिद गरेको देखिएको छ।

क्र.सं.	सप्लायर्स वा विक्रेता	भुक्तानी रकम	कैफियत
१	सर्जिकेम सप्लायर्स एण्ड ट्रेडर्स	५३४०६३	सोझै खरिद
२	ईन्दु सर्जिकल एण्ड केमिकल्स सप्लायर्स	७१४६३७	सोझै खरिद
३	ईन्दु सर्जिकल एण्ड केमिकल्स सप्लायर्स	३९९१८४	सोझै खरिद
४	पूर्वान्चल वायोमेडिकल सोलुसन	८९२००	सोझै खरिद
५	मेडिसिन ट्रेड सेन्टर प्रा.लि.	६९२१३	सोझै खरिद
६	केवलेश्वर मेडि सेल्स	१७४३०८	सोझै खरिद
७	मेडिसर्ज ट्रेडर्स	३६५४३५	सोझै खरिद
८	केवलेश्वर मेडि सेल्स	१७४५०९९	खुला बोलपत्र
९	राम लक्ष्मण फार्मेसी	४२९६७२५	खुला बोलपत्र
	जम्मा	८३८७८६४	

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

८४ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ४६ जनाको लागि रु.२,९२,५००.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	निमोनिया	२	१३०००
२	दम/छाती/फोक्सो सम्वन्धी	६	३२०००
३	पिसाव सम्वन्धी	२	१५०००
४	पाठेघर सम्वन्धी	४	१८०००
५	पेट सम्वन्धी	६	४६०००
६	दुर्घटना/घाउ/चोट	८	४९५००
७	कलेजो सम्वन्धी	२	२२०००
८	नशा/वाथ/प्यारालाइसिस	८	५७०००
९	थाइराइड	१	१००००
१०	पथरिया	२	८०००
११	रेविज सम्वन्धी	१	४०००
१२	हर्निया	२	१२०००
१३	क्यान्सर	१	३०००
१४	आँखा सम्वन्धी	१	३०००
	जम्मा	४६	२९२५००

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वर्ष यस पालिका क्षेत्रका १६ अस्पतालबाट ४६ जनाको लागि रु.२,९२,५००.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्रम	अस्पतालः नाम ठेगाना	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	नोवेल अस्पताल बिराटनगर	बिविध	९	८१०००
२	निम्स हस्पिटल दमक	बिविध	९	६२०००
३	गौरीगञ्ज अस्पताल	बिविध	७	४२५००
४	आम्दा अस्पताल दमक	बिविध	५	१३०००
५	दमक अस्पताल दमक	कलेजो/हाड भाचिएको	२	९०००
६	ओम मेची अस्पताल दमक	पाठेघर सम्वन्धी	२	१००००
७	बिपी कोइराला स्वा बि प्र धरान	प्यारालाइसिस/क्यान्सर	२	१८०००
८	लाइफलाइन हस्पिटल दमक	नशा/निमोनिया	२	८०००
९	अपाङ्ग बाल अस्पताल	खुट्टामा समस्या	१	५०००
१०	अरनिको हस्पिटल उर्लावारी	हर्निया	१	७०००
११	मेची आँखा अस्पताल बिर्तामोड	आँखा सम्वन्धी	१	३०००
१२	मेडिम्याक्स हस्पिटल गौरादह	पत्थरिया	१	३०००
१३	बिराट अस्पताल बिराटनगर	रगत सम्वन्धी	१	३०००
१४	बिर्ता सिटी हस्पिटल बिर्तामोड	थाइराइड	१	१००००
१५	कोशी अस्पताल बिराटनगर	दुर्घटना	१	१५०००
१६	किओच अस्पताल दमक	निमोनिया	१	३०००
		जम्मा	४६	२९२५००

८५ **आधारभुत अस्पताल व्यवस्थापन**

गौरीगञ्ज गाउँपालिकाले साविकको प्राथमिक स्वास्थ्य केन्द्रलाई गौरिगञ्ज आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक वर्ष २०७८।७९ मा रु १०१०९८७, आर्थिक वर्ष २०७९।८० मा रु ५८८४९२० र यस आर्थिक वर्षमा संलग्न अनुसूची बमोजिम रु २३१२५३२८ समेत जम्मा रु ३००२१२३५ खर्च गरेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० बाट अस्पतालको रुपमा सञ्चालन गर्ने निर्णय गरेको, आर्थिक ऐन २०८० को अनुसूची १२ मा स्वास्थ्य सेवा शुल्क तथा दस्तुर निर्धारण गरेको भएतापनी अस्पतालबाट भएको आम्दानी अभिलेख नगरेको र छुट्टै खाता सञ्चालन गरेको, हालसम्म वित्तिय लेखापरीक्षण हुन सकेको छैन । अस्पतालबाट स्वास्थ्य विमा कार्यक्रम, ओपिडी, ल्याव र फार्मेसी सञ्चालनमा रहेको एवं पालिकाले फार्मेसीका लागि औषधी खरिद गरी पठाउने गरेको भएतापनि आर्थिक ऐनले निर्धारण गरे बमोजिमको आय व्यवस्थापन र अभिलेख नगरेको उपयुक्त देखिएन । पछिल्लो निर्णयानुसार गौरीगञ्ज गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१ लाई पालिकाले २०८१।५। ७ मा स्वीकृत गरेकोले सोबाट परिच्छेद ५ मा भएको व्यवस्था बमोजिम आय व्ययको लेखा, कोष व्यवस्थापन र लेखापरीक्षण कार्यलाई व्यवस्थित समेत गर्नुपर्दछ ।

क्र.सं.	खर्च शिर्षक वाक्रियाकलाप	विनियोजन	खर्च
१	गौरीगञ्जअस्पतालमा करार पार्ट टाइम तथा दैनिक ज्यालादारीमा कार्यरत चिकित्सकस्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको पारिश्रमिक	१७००००००.	८३२२३१७.
२	"गौरीगञ्जआधारभूत अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम तथा सःशुल्क सेवा अन्तर्गतका औषधीसामाग्री केमिकल तथा रिएजेण्ट लगायत खरिद"	५००००००.	५००००००.
३	"गौरीगञ्जआधारभूत अस्पतालमा आवश्यक औजार उपकरण मेशिनरी सामान तथा उपकरण खरिद	३८०००००.	२९२०००९.
४	"अस्पतालस्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा अत्याव. तथा निःशुल्कस्वास्थ्य सेवाको लागि सूचिकृत औषधीहरु मानसिक रोग नसर्ने तथा दिर्घरोगकाऔषधीहरु तथा अन्य कार्यक्रमका लागि समेत आवश्यक औषधी तथा सामाग्री खरिद "	२५०००००.	९६९९४३.
५	गौरीगंजनगर अस्पताल झापाको लागी अ ौजार उपकरण खरिद	२००००००.	१९९००००.
६	"सूचनाप्रविधि इन्ट्रानेट कोर (पालिका वडा कार्यालय तथा अस्पताल स्वा.चौ. रविद्यालयहरुमा) सेन्ट्रल सर्भर जडान"	१५०००००.	१४९८१३५.
७	गौरीगञ्जआधारभूत अस्पतालमा आवश्यक मर्मत/निर्माण	१००००००.	८७१५७९.
८	इन्धन (गौरीगञ्ज आधारभूत अस्पताल एम्बुलेन्स)	८०००००.	७८९७१०.
९	गौरीगञ्जआधारभूत अस्पतालको प्रयोगशालाम एसी र रेफ्रिजेरेटर खरिद तथा जडान	५०००००.	४३६८६२.
१०	गौरीगजआधारभूत अस्पतालमा आकस्मिक तथा अन्तरंग सेवा शुरुवातका लागि औषधि तथा सामाग्रीखरीद	१०००००.	९७००६.
११	गौरीगञ्जआधारभूत अस्पतालमा आँखा उपचार सेवा विस्तारका लागि औषधि तथा सामाग्री खरीद	१०००००.	७९९००.
१२	गौरीगञ्जआधारभूत अस्पतालमा मानसिक रोग उपचार सेवाका लागि आवश्यक औषधि व्यवस्थापन	१०००००.	७०२६८.
१३	अन्यकार्यालय संचालन खर्च- गौरीगञ्ज अस्पताल	८००००.	७९५९९.
	जम्मा	**३४४८००००.**	**२३१२५३२८.**

८६ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, बहाल विटौरी कर, हाटबजार कर लगाएतका शिर्षकबाट रु.१,६०,११,३०४.१७ आम्दानी गरेको देखिन्छ। राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन् :

८६.१ वडागत राजश्व संकलन -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :



क्र.सं.	राजस्व संकलन गर्ने कार्यालय	जम्मा संकलन	प्रतिशतमा
१	गौरिगंज गाउँपालिका, झापा	५९६६	३७
२	वडा नं.१	८५८	५
३	वडा नं.२	१८०४	११
४	वडा नं.३	२३११	१४
५	वडा नं.४	१२९०	८
६	वडा नं.५	१९७०	१२
७	वडा नं.६	१९५०	१२
		१६१५०	१००

(विस्तृत विवरण बेरूजु दफा ८६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८६.२ तुलनात्मक परिक्षण -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

आम्दानी शिर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी प्रतिशत
११३१४ भुमिकर/मालपोत	३८१८२१०	४३५६०८४	२७
११३१७ वहाल कर	६६३५००	२६४५०७	२
११३१८ वहाल विटौरी कर	६००००	१२५७१०	१
११६९१ अन्य कर	३५४०००	३८६६७०४	२४
१४२२१ न्यायिक दस्तूर	८००००	२०८००	०
१४२२३ शिक्षा क्षेत्रको आम्दानी	१०५०००	१५००	०
१४२२४ परीक्षा शुल्क	१०००००	१३६८००	१
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	८५६०००	३२५००	०
१४२४३ सिफारिश दस्तुर	१६६२०५०	७५८६४५	५
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	२८६०००	१२२५०९०	८
१४२४५ नाता प्रमाणित दस्तुर	१८२७००	२१८००	०
१४२४९ अन्य दस्तुर	३०५७९६००	२२६४९९	१
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१२००७००	२८६०७५	२
१४५२९ अन्य राजस्व	२२७००००	४५१४४११	२८
१४६११ व्यवसाय कर	३१५८६५	३५००	०
जम्मा	४२५३३६२५	१५८४०६२४	१००

८६.३ राजश्व आयको प्रवृत्ति :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।



आ.व.	राजश्व आम्दानि	गत भन्दा घटेको / बढेको
२०७७।७८	१६९११३९३.४८	घरजग्गा रजिष्ट्रेशन शुल्क समेत
२०७८।७९	१०१००५५२.०७	घटेको
२०७९।८०	१२३७५६६४.१४	बढेको
२०८०।८१	१६०११३०४.१७	बढेको

(विस्तृत विवरण बेरूजु दफा ८६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८७ **नविकरण शुल्क -**

पालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ४ को सि.नं. ४.६२ मा आधारभुत विद्यालय, ४.१६ मा ईटाभट्टा र ४.१५ मा आयल स्टोरको वार्षिक नविकरण र व्यवसाय दर्ता शुल्कको दर निर्धारण गरेको छ। उक्त आर्थिक ऐनमा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको वार्षिक शुल्क रु.१७१००० असुल गरेको नदेखिएको हुँदा असुल गरी दाखिला गर्ने रु.

अनुसूची	सि. नं .	संस्थाहरु	संख्या	नविकरण शुल्क दर	जम्मा रकम	३ आर्थिक वर्षको	कैफियत
४	४.६२	आधारभुत विद्यालय	२६	१५००	३९०००	११७०००	
	४.६२	माध्यामिक विद्यालय	४	२०००	८०००	२४०००	
	४.१६	ईटाभट्टा	१	५०००	५०००	१५०००	
	४.१५	आयल स्टोर	२	५०००	५०००	५०००	१ वटा आयल स्टोरको व्यवसाय दर्ता शुल्क भुक्तानी नभएको
जम्मा					५७०००	१७१०००	

यस सम्बन्धमा पालिकाले असुलीका लागि ताकेता गरिरहेको र असुली पश्चात सप्रमाण पेश गरिने छलफलमा जनाएको छ ।

असुल गर्नुपर्ने	१,७१,०००

८८ **निशुल्क सिफारिश -**

पालिकाले आर्थिक वर्ष २०८०/८१ मा राजश्व संकलनका लागि स्थानीय राजश्व, कर, दस्तुर, सेवा शुल्क आदिको दररेट स्वीकृत गरेको छ । पालिकाले तोकेको सेवा शुल्कको दररेटअनुसार राजश्व लिएर मात्र सिफारिस दिनुपर्नेमा अनलाइन राजश्व प्रणाली सफ्टवेयरको नमुना परीक्षण गर्दा देहायबमोजिमका कर्मचारीहरुबाट राजश्व रकम नलिई निःशुल्करुपमा १६३० वटा सिफारिस पत्र प्रदान गरेको देखिन्छ ।

सि.न.	वडा कार्यालय	सिफारिस प्रदान गर्ने कर्मचारी	निःशुल्क सिफारिस गरिएको संख्या
१	वडा नं. १	सुमन रेग्मी	९१
२	वडा नं. १	अजय कुमार शाह	३
३	वडा नं. १	चन्द्र प्रसाद चौधरी	२२६
४	वडा नं. २	पावेल खतिवडा	२८९
५	वडा नं. २	बौवा विश्वकर्मा	३
६	वडा नं. ३	गो विन्द प्रसाद राजवंशी	८
७	वडा नं. ३	सुमन मो ची	१३८
८	वडा नं. ३	अनिल यादव	१३८
९	वडा नं. ४	एजिना भट्टराई	६५
१०	वडा नं. ४	सुर्य नारायण यादव	१७४
११	वडा नं. ४	किशन कुमारी राई	६६
१२	वडा नं. ५	दिपा ताजपूरिया	११९
१३	वडा नं. ५	बब्ली कुमारी यादव	६६
१४	वडा नं. ५	ऋतु पौडेल	२३
१५	वडा नं. ५	गो विन्द प्रसाद राजवंशी	१९
१६	वडा नं. ६	एजिना भट्टराई	९२
१७	वडा नं. ६	मिरा राजवंशी	८८
१८	वडा नं. ६	मेघराज राजवंशी	६
१९	वडा नं. ६	गो विन्द प्रसाद राजवंशी	१६
जम्मा			१६३०

८९ **कर छुट -**

गाउँपालिकाबाट स्वीकृत आर्थिक ऐन, २०८० को दफा १६ मा यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनी किसिमको कर छुट नदिइने उल्लेख छ। तथापी पालिकाले यो बर्ष देहाय वमोजिमका आय ठेक्का लगाएको अग्रिम रुपमा दाखिला गर्दा १० प्रतिशत छुट दिने व्यवस्था सुचनामा उल्लेख गरी देहाय वमोजिम रु.८९,३०२ छुट दिएको देखिन्छ। गाउँपालिका आर्थिक ऐनले व्यवस्था नगरेको विषय सुचनामा समावेश गरी छुट प्रदान गरेको नियम सम्मत देखिएन।

विवरण	भुक्तानी पाउने	कवोलअंक	कर छुट	दाखिला
हाटबजारठेक्का	नवराजढुङ्गाना	८७६६६२	६८६५६	६९८२२६
ढुङ्गाकोठेक्का	गंगा गनगाइ	१९२२४४	१५०५६	१५३१८०
बहालविटौरी	मायानन्दयादव	७१३७९	५५९०	५६८५०
जम्मा		**१००९१०१**	**८९३०२**	**९०८२५६**

९० **ढिला दाखिला –**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले राजस्व रकम नियामानुसार समयमा जम्मा नभई ढिला दाखिला हुने गरेको देखिन्छ। पालिकाले राजस्व रकम ढिला दाखिला गर्नुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ साथै ढिला राजस्व दाखिला गरेको रकमको नियमाअनुसार जरिवाना असुल गर्नुपर्ने रु.

वडा नं.	महिना	दाखिला रकम	दाखिला मिति	दाखिला गर्ने व्यक्ति	ढिला दाखिला दिन	१० प्रतिशत जरिवाना
वडा नं १	२०८० असार	६३३६५	२०८०।०५।२६	सुमन रेग्मी	48	833.29
वडा नं १	श्रावण	१९२६९	२०८०।०५।१९	सुमन रेग्मी	9	47.51
वडा नं १	भाद्र	८९९५४	२०८०।०६।२३	सुमन रेग्मी	13	320.38
वडा नं १	असोज	१८४२०७	२०८०।०८।१८	सुमन रेग्मी	38	1917.77
वडा नं १	मंसिर	९८९१०	२०८०।०९।२४	सुमन रेग्मी	14	379.38
वडा नं १	पुष	७३७७५	२०८०।१०।२२	सुमन रेग्मी	12	242.55
वडा नं.३	फागुन र चौत्र	३३८६५४.८२	२०८१।०१।२३	सुमन रेग्मी	12	1113.39
वडा नं.३	जेठ	२१९९१७	२०८१।०३।१८	सुमन रेग्मी	7	421.76
जम्मा						5276.03

असुल गर्नुपर्ने	५,२७६.०३

९१ **अध्ययन अवलोकन भ्रमण -**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ पालिकाका विभिन्न वडाका पदाधिकारी तथा कर्मचारीले अध्ययन अवलोकन भ्रमण वापत रु. ५४२२३५ भुक्तानी भएको छ । जसमा देखिएका व्यहोरा निम्न बमोजिम रहेको देखिन्छ ।

भौ.न.	खर्च शिर्षक	भ्रमण गर्ने	रकम	भ्रमण स्थान
४९०-२०८१।३।३१	जनप्रतिनिधि तथा कर्मचारी अध्ययन अवलोकन	वडा नं. २	८००००	इलाम
४७५-२०८१।३।२४	जनप्रतिनिधि तथा कर्मचारीको लागि अध्ययन अवलोकन भ्रमण	वडा नं. ६	१३२५२०	धनकुटा
४३३-२०८१।३।२३	अध्ययन तथा अवलोकन भ्रमण	वडा नं. १	१८००००	पोखरा
४०२-२०८१।३।१८	अध्ययन अवलोकन भ्रमण	बडा नं. ४	१४९७१५	पोखरा
कुल			५४२२३५	

· यसमा वडाका सम्पुर्ण पदाधिकारी भ्रमणमा गएको संलग्न कागजातबाट देखिएको छ तर भ्रमणमा गएको अवधिमा सेवा प्रवाहको लागि के कसरी व्यवस्थापन गरेको खुलेको देखिएन । सेवा प्रवाह ठप्प भएको हो वा के व्यवस्थापन गरिएको थियो प्रमाण कागज संलग्न हुनुपर्ने र सो सम्बन्धमा पालिकाले समेत ध्यान दिनुपर्ने देखिन्छ ।

· निश्चित मापदण्ड बिना गाडी भाडामा फरक फरक दररेटबाट भुक्तानी भएको देखिन्छ ।जिल्ला दररेटलाई आधारमानेनर मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।

जनप्रतिनिधिको अवलोकन भ्रमण प्रतिवेदन अनुसार वडा पालिकाको विकासमा सघाउ पुर्याउने गरी कही कतैपनि अनुभव आदानप्रदान गरेको प्रमाण तथा फोटो छैन । विभिन्न पर्यटकिय स्थलको फोटोमात्र संलग्न गरेको देखियो । यसरी घुम्ने प्रयोजनथार्थ गरिने अध्ययन अवलोकन भ्रमणलाई न्युनिकरण गर्नुपर्दछ ।

९२ **स्थानीय पाठ्यक्रम विकास** - (457-२०८१-३-२४):

पालिकाले स्थानीय पाठ्यक्रम विकासका लागि सगरमाथा सिप बिकास केन्द्रसँग सम्झौता गरी रु.७९९२१५ भुक्तानी गरेको छ । जसमा कार्यक्रमको लागि मिति २०८१।१।१६ मा सम्झौता भएकोमा मिति २०८१।३।२० मा कार्यसम्पन्न भएको देखिन्छ । स्थानीय पाठ्यक्रम तयार गर्ने कार्यका लागि संस्थाले पर्याप्त समय लिएको तथा आवश्यक छलफल गरेको देखिएन । कक्षा १ देखी ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माणमा समेत अन्य पालिकामा प्रयोग भएको पाठ्यक्रममा पालिकाको नाम राखी पेश गरेको छ । पालिकाले के कस्तो विषयवस्तु पाठ्यक्रममा राख्नुपर्ने सम्झौता गर्दा खुलाएको नदेखिदा हतारमा पाठ्यक्रम तयार भएको देखिन्छ । समयमा नै सम्झौता गरी सरोकारबालाहरु सँग पर्याप्त छलफल गरेरमात्र पाठ्यक्रम बिकास तथा लागु गर्नुपर्दछ । पेश भएको पाठ्यक्रम पालिकाबाट स्वीकृत तथा लागु भएको नदेखिएकोले खर्च रकमलाई नियमसम्मत देखिएन ।

९३ **पावर स्प्रेड टंकी वितरण** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.ब.०८०/८१ मा पावर स्प्रेड टंकी वितरण ७५ प्रतिशत अनुदान कार्यक्रमबाट कुल ९४ थान टंकी खरिद गरी अर्जुन सप्लायर्सलाई रु. ४२३००० भुक्तानी भएको छ। खरिद गरेका सामाग्री २०८१ श्रावण १ गते मात्र बितरण भएको छ । वितरण गर्दा पालिकाबाट निर्णय भएकोमा सुनौलो विहानी कृषक समुहलाई दोहोरो पर्नेगरी वितरण भएको छ । १५ थान टंकी यस वर्ष वितरण भएकोमा आ.ब.२०७८/०७९ मा समेत यहि संस्थालाई ५ थान टंकी बितरण गरेको देखियो ।अत वितरणको मापदण्ड तयार नगरी दोहोरो वितरण भएको दखिन्छ । अत दोहोरो वितरण नगरी समयमा नै खरिद तथा वितरण गर्नेतर्फ पालिकाले ध्यान दिदै प्राप्त गर्ने व्यक्तिको नाम वेवसाईट मार्फत सार्वजनिक गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९४ **बढी भुक्तानी** - (334-२०८१-२-२):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं.१ को कम्प्युटर तालिम कार्यक्रम संचालन वापत वापतएस.सि.टि.आई.कम्प्यूटर सेन्टरलाई रु.१४८५०० भुक्तानी भएको छ ।जसमा कार्यक्रमको प्रशिक्षक खर्च वापत २ जनाको २ महिनाको रु.१२०००० भुक्तानी भएको छ । प्रदेश खर्च माषदण्ड बमोजिम ३० कार्यदिन भन्दा बढी सिपमुलक तालिम संचालन गर्दा प्रशिक्षक खर्च मासिक रु.३०००० दिन सकिने व्यवस्था रहेको छ । २ जना प्रशिक्षक राख्न पाउने व्यवस्था गरेको नदेखिदा एक जनाको बढी भुक्तानी भएको रु.६०००० रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	६०,०००

९५ **विद्यार्थीलाई साइकल वितरण** - (311-२०८१-१-२३):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले सामुदायिक विद्यालयका कक्षा ९ मा अध्ययनरत छात्रा विद्यार्थीहरुलाई राज ट्रेड कन्सर्नबाट रु.७५०० का दरले २४७ वटा साइकल खरिद गरी वितरण गरेको छ । कार्यालयले उक्त साइकलहरु २०८०।१२।१५ मा वितरण गरेकोमा २०८०।१२।२५ मा अर्थात वितरण पछीको मितिमा स्टोर दाखिला गरेको पाईन्छ।

पालिकाले वितरण गरेको साइकलको पालिका स्तरिय अनुगमनका साथै उक्त साइकल वितरण गरेको प्रमाण देखिने फोटोहरु समेत संलग्न गरेको नदेखिएको हुँदा साईकल वितरण गरेको फोटोहरु संलग्न गर्नु पर्दछ साथै कार्यक्रमको नियमित अनुगमन गरी कार्यक्रमलाइ प्रभावकारी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

९६ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र जम्मा १५ वटा सहकारी संस्था मध्ये ३ वटा निष्कृय अवस्थामा रहेका र बाँकी ११ वटा सकृय अवस्थामा छन । पालिका भित्रका सक्रिय ११ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्ट गरेको र अन्यले गरेको देखिएन तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्नु पर्दछ ।

साथै, लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार १५ सहकारी संस्थालाई वार्षिक नविकरण शुल्क गत आर्थिक वर्ष २०७८।०७९ देखि आ.व.२०८०।०८१ सम्म महिला तथा कृषि सहकारी संस्थालाइ २ हजार र अन्य सहकारीलाई ५ हजार कायम गरिएकोमा हालसम्म आंशिक सहकारीले मात्र नविकरण शुल्क भुक्तानी गरेको देखिएकोले गौरिगंज गाउँपालिकाको आर्थिक ऐन मा व्यवस्था भएबमोजिम आर्थिक वर्ष २०७९।८० देखि २०८०।८१ सम्मको नविकरण शुल्क रकम जम्मा रु. सम्बन्धित सहकारी संस्थाबाट असुल गर्नुपर्ने देखिएको रु.

संस्थाहरु	जम्मा सहकारी	नविकरण शुल्क भुक्तानी हुन बाँकी सहकारी संख्या			नविकरण शुल्क	जम्मा रकम	कैफियत
		आ.व.2080/81	आ.व.2079/80	आ.व.2078/79			
बहुदउश्यीय/ बचत सहकारी	३	०	१	८	५०००	४५०००	
महिला/ कृषि सहकारी	१२	५	३	१	२०००	१८०००	
जम्मा						६३०००	

असुल गर्नुपर्ने	६३,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गौरिगंज गाउँपालिका, झापा , गौरिगंज गाउँपालिका , झापा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खेमराज थापा	२०८०-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	मन्जु भट्टराई	२०८१-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,४५२,१०४.१५	१२,५४७,५४२	९,५०४,४०४.२८	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२५,५०४,०५०.४३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					५,८६७,३०७
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१९,६३६,७४३.४३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७१८२२९५८.३८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३२७१२०००	चालु खर्च	३०५४६६०५६.८२
प्रदेश सरकारबाट अनुदान	२५८४५३४७	पूँजीगत खर्च	१२२६८२०१४.३२
राजश्व बाँडफाँट	८५४६६१६२.८३	वित्तीय/अन्य व्यवस्था	२२१०६९१८८.८७
आन्तरिक आय	१६०११३०४.१७		
अन्य आय	१८५०४०५२६.३१		
कुल आय	६४५०७५३४०.३१	कुल खर्च	६४९२१७२६०.०१
बाँकी मौज्दात		६७६८१०३८.६८	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीण गरएका विषय
1	शिक्षा तर्फ	शिक्षा तर्फ
2	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
3	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
4	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
5	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
6	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
7	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
8	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
9	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
10	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
11	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
12	तालिम र कार्यक्रम खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
13	सहकारी तर्फ	सहकारी संस्थाको सञ्चालन र नियमन

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स.	पूर्वाधार वा संरचनाको शिर्षक र ठेगाना	श्रोत	विनियोजन	खर्च
१	"वडा नं. ५ कार्यालय कम्पाउण्ड घेराबारा इन्टरलक स्ल्याब निर्माण आधारभूत स्वास्थ्य केन्द्र घेराबारा समेत"	नेपाल सरकार - समानिकरण अनुदान	२३१५६१२.०१	२११२३३६.
२	अधुरो जेष्ठ नागरिक चौतारा निर्माण भाकुरमारी साविक वडा नं. ८	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	२१६१५६.
३	आठमौजा जेष्ठ नागरिक चौतारा निर्माण वडा नं. ६	आन्तरिक श्रोत	२५००००.	२५००००.
४	आठमौजा मदर्शा र खोपकेन्द्र भवन भूइँ ढलान तथा मर्मत वडा नं. ६	आन्तरिक श्रोत	५००००.	५००००.
५	कदुभिट्टामा मलामी विश्रामस्थल निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	२५११५८.
६	कमल माझीको घर छेउमा हनुमान मन्दिर निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	१०००००.
७	कुटीटोल महाराजथान निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	१५००००.
८	गेउरिया खोलामा मलामी टहरा निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	२८९५१६.
९	चिल्हारा दिनाभद्री मन्दिरअगाडि महाराजथान निर्माण वडा नं. ५	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	२०००००.
१०	जनता चोक लक्ष्मी मन्दिरमा रेलिङ्ग निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	२३८२२४.
११	जेष्ठ नागरिक भवन निर्माण वडा नं. ३	आन्तरिक श्रोत	६०००००.	६०००००.
१२	झापा जिल्लाको गौरीगन्ज गा. प. वडा नं. ६ को कृषि बजार स्तरोन्नति	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)]	२००००००.	१२६६२५२.
१३	टुनुबस्तीमा महाराजथान निर्माण वडा नं. १	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	२०००००.
१४	ठेकीटोला महाराजथान निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	९७०००.
१५	तल्लो तेलगानी सन्थाल महाराजथान निर्माण वडा नं. ३	आन्तरिक श्रोत	१०००००.	१०००००.
१६	तिला मुर्मुको घर अगाडि सन्थाल जातिको मन्दिर निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	१०००००.
१७	त्रिपुरेश्वर महादेव मन्दिर निर्माण दक्षिण चिल्हारा- वडा नं. ५	आन्तरिक श्रोत	४०००००.	४०००००.
१८	दक्षिण चिल्हारा दिनाभद्री मन्दिरमा रेलिङ्ग निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	२०००००.
१९	दक्षिण चिल्हारा महाराजथान निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	२१२९९९.
२०	दक्षिण टोल देवीगञ्जको अधुरो महाराजथान निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	१५००००.
२१	दिवशको घर अगाडि अधुरो प्रतिक्षालय निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	९७२८८.
२२	दुर्गा मन्दिर मर्मत सम्भार वडा नं. ३	आन्तरिक श्रोत	५०००००.	५०००००.
२३	देवीगञ्ज सन्थालबस्ती अधुरो शौचालय निर्माण वडा नं. ६	आन्तरिक श्रोत	५००००.	५००००.
२४	नेपाल सन्तमत सत्संग मन्दिर भाकुरमारी शौचालय निर्माण वडा नं. २	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	२०००००.

२५	पाथीभारा मन्दिर भान्साकोठा निर्माण वडा नं. २	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	३०००००.
२६	बगुवा अधुरो मलामीघर तथा बाटो निर्माण वडा नं. ३	आन्तरिक श्रोत	२०००००.	२०००००.
२७	बधस्थल निर्माण वडा नं ३	कोशी प्रदेश - शसर्त अनुदान पुँजीगत	१००००००.	८७४६३५.
२८	वडा कार्यालयछेउमा खोप केन्द्र निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	५०००००.
२९	वडा नं. ३ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२६७३२४३.४१	२६७३२४३.
३०	वडा नं. ३ सभाहल निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	१००००००.	१००००००.
३१	वडा नं. ३ सार्वजनिक शौचालय मर्मत	आन्तरिक श्रोत	४२०००.	४१५३७.
३२	वडा नं. ५ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२८६७८७८.७२	२८६७७००.
३३	वडा नं. ६ कार्यालय भवन निर्माण क्रमागत	आन्तरिक श्रोत	४८२३०००.	४६६२६६३.
३४	शिवालय मन्दिरउत्तर गौरीयाखोला ढल मर्मत वडा नं. ६	आन्तरिक श्रोत	५००००.	५००००.
३५	शैक्षिक क्यालेन्डर निर्माण	राजस्व बाँडफाँड - संघीय सरकार	७५०००.	७४१२८.
३६	श्यामटोली अधुरो महाराजथानमा घेराबेरा निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	२०००००.
३७	श्यामटोली महाराजथानमा चौतारा निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	२५००००.
३८	स्यालडाँगीको साकेलाथान मर्मत	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	१०००००.
३९	हनुमान मन्दिर निर्माण वडा नं. ४	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	३०००००.
४०	हरिरा आदर्श प्रा.वि. आधारभूत घेराबारा निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	५०००००.
४१	हरिरा महाराजथान छाना ढलान तथा घेराबारा निर्माण	राजस्व बाँडफाँड - संघीय सरकार	१०००००.	१०००००.
	जम्मा		२४०९६७३४.१४	२२७२४८३५.

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।